मजदुर विज्ञापन शाखा

नागांचा-१०, भक्तपुर, फोन नं. ९७४४४२४४६५

विज्ञापनको लागि सूचना

सम्पूर्ण ग्राहकवर्गले विज्ञापन दिने gmail id: majdurdaily@gmail.com उक्त gmail id change भई नयाँ gmail id र भाइबर नं. भएको जानकारी गराउँदै विभिन्न साइजको विज्ञापन दिनुपरेमा तलको उल्लेखित भाइबर नं.मा viber वा दिइएको gmail id मा मेल गरिदिनुहुन यो सूचना प्रकाशित गरिएको छ ।

भाइबर नं. : ९७४४४२४४६५

Gmail : majdurdailybigyapan@gmail.com

मजदुर The Worker Daily दैनिक



भ.पु.जि.प्र.का.द.नं. २६/२०५५/५६

भ.पु.जि.हु.का.द.नं. २/०७०/७१

# मजदुर

The Worker Daily दैनिक

Website : www.onlinemajdoor.com





विज्ञापनको निम्ति सम्पर्क

फोन नं ६६१९१०७ ६६२०५५९



★ वर्ष : २८ ★ अङ्क : १०७ ★ ने. सं. ११४६ बछला गा, अष्टमी★ आइतबार ★ २७ वैशाख, २०८३ ★ May 10, 2026, Sunday ★ मूल्य रु. ५।– ★ पृष्ठ ८


## "सङ्गठनलाई धान–चामल केलाएझैँ केलाउनुपर्छ"




भक्तपुर, २६ वैशाख । नेपाल क्रान्तिकारी महिला सङ्घले कामदार वर्गका महान् गुरू कार्ल मार्क्सको २०८ औं जन्म दिवस शनिबार मनाएको छ ।

कार्यक्रममा नेपाल मजदुर किसान पार्टीका अध्यक्ष नारायणमान बिजुक्छैँ (रोहित) ले धनी र पढेलेखेको हुँदैमा सबै असल नहुने बताउनुभयो ।

उहाँले भन्नुभयो, "भ्रष्टाचारमा ठुल्ठुला पढेलेखेका, ठुलै जातिका मान्छेको नाम आउँछन् । देशलाई पढेलेखेकाले नै धोका दिए । पैसा भएपछि विदेश गए । भावना र विचार नहुँदा देशमा विध्वंस भयो ।"

उहाँले भन्नुभयो, "हिजो गरिब थिए, हामीसँग थिए । हामीले सहयोग गर्‍यौँ । धनी भए, अरूसित गए । ०४५ सालको राज्य दमनमा परेका नेता कार्यकर्ताले नयाँ पुस्तालाई पुराना घटनाबारे नबताएको हुनाले अरूको लहैलहैमा लागे ।"

सिरानीमुनि सर्प राखेर सुत्नु बुद्धिमानी नहुने विचार राख्दै उहाँले भन्नुभयो, "सङ्गठनलाई धान-चामल केलाएझैँ केलाउनुपर्छ ।"

कार्ल मार्क्सलाई आजको युगका महर्षि भन्नुपर्नेमा जोड दिँदै अध्यक्ष बिजुक्छैँले कम्युनिस्टहरूलाई बदनाम गर्न कम्युनिस्टहरूलाई नै प्रयोग गरिएको बताउनुभयो ।

उहाँले भन्नुभयो, "कम्युनिस्ट बनेर जनताबिच आउँछन्, छलछाम गरेर जान्छन् ।"

वाग्मती प्रदेशसभा सदस्य सुरेन्द्रराज गोसाईले मजदुरहरूको सङ्ख्या बढिरहेको बताउनुभयो ।

वर्तमान सरकारले कामदार जनतालाई कष्टकर परिस्थितिविरूद्ध लड्न नभनी झुक्न लगाएको उहाँको तर्क थियो । मार्क्सको विचार आजको सबैभन्दा नयाँ र आधुनिक विचार हो भन्दै उहाँले


***बाँकी पृष्ठ ८ मा***


## राजनीतिक दल र नेताहरू इमानदार र देशभक्त नभएसम्म देश र जनताको हित नहुने




भक्तपुर, २६ वैशाख । नेपाल मजदुर किसान पार्टीका अध्यक्ष नारायणमान बिजुक्छैँ (रोहित) ले जबसम्म राजनीतिक दल र नेताहरू इमानदार र देशभक्त हुँदैनन् तबसम्म देश र जनताको हित नहुने बताउनुभएको छ ।

प्रगतिशील कानुन व्यवसायीहरूको सङ्गठन कानुन अध्ययन समाज नेपालको आयोजनामा राष्ट्रिय कानुन दिवसका अवसरमा शनिबार आयोजित कानुनसेवीहरूको बृहत भेटघाट तथा पिकनिक कार्यक्रममा प्रमुख अतिथिको आसनबाट बोल्दै अध्यक्ष बिजुक्छैँले विगतका सरकारहरू विदेशी सरकारहरूको दबाबमा काम गर्ने गरेको र अहिले सरकार त झन् संरा अमेरिका र भारतसित झुकेर आएको प्रस्ट पार्नुभयो ।

उहाँले देशमा वेस्ट मिनिस्टर शैलीको संसदीय व्यवस्था भएको तर वर्तमान सरकारले चलिरहेको संसद्को अधिवेशन बन्द गरेर अध्यादेशहरू जारी गर्नु संसदीय व्यवस्थाको भावनाविपरीत छ भन्नुभयो ।

संसदीय व्यवस्थामा सदनको सबैभन्दा ठुलो दलले सरकार बनाउने तर दोस्रो ठुलो दल प्रमुख प्रतिपक्षको भूमिकामा रहने तर एमालेले प्रतिपक्षको भूमिका निर्वाह नगरी सरकारमा जाँदा सरकार र सदन प्रभावकारी नभएको र विदेशी चलखेलको अवस्था बनेको बताउनुभयो ।

अमेरिकी साम्राज्यवादको विश्वव्यापी प्रभुत्व निरन्तर खिइँदै गएको र अरब देशहरूमाथि एकछत्र शोषण गर्न खोज्दा र इरानले त्यसको प्रतिकार गर्दा युद्धको स्थिति आएको हो भन्नुभयो ।

उहाँले अमेरिकी साम्राज्यवादले परमाणु बमको त्रास फैलाएर विश्व कब्जा गर्न खोजेको र त्यसैको प्रतिकारमा


***बाँकी पृष्ठ ८ मा***


## बाँकेको कोहलपुरमा कार्यकर्ता भेला

बाँके, २६ वैशाख । नेपाल मजदुर किसान पार्टीका कार्यकर्ताहरूको प्रशिक्षात्मक भेला शनिबार बाँकेको कोहलपुरमा सम्पन्न भयो ।

कार्यक्रममा नेपाल मजदुर किसान पार्टीका सचिव प्रेम सुवालले भन्नुभयो, "श्रमलाई सम्मान गर्ने सबै श्रमिक हुन् । मार्क्स-एङ्गेल्सले २७-२८ वर्षको उमेरमा वर्ग रहेसम्म वर्ग सङ्घर्ष हुने द्वन्द्वात्मक भौतिकवादी सिद्धान्तको नियम प्रतिवादन गर्नुभयो ।"

उत्पादनका मुख्य-मुख्य साधन र सेवा सामाजिकीकरण नगरी शोषणरहित समाजको निर्माण नहुने स्पष्ट पार्दै उहाँले भन्नुभयो, "रास्वपाले आफ्नो विधानमा शोषणरहित समाज उल्लेख गरेको पञ्चायती व्यवस्थाको शोषणरहित समाजजस्तै झुठा हो । रास्वपाको निर्वाचन वाचापत्रमा आर्थिक उदारीकरण लेखिएको सार्वजनिक संस्थान व्यक्तिलाई बिक्री गर्ने, विदेशी पुँजी ल्याएर नेपालीलाई शोषण गराउने र सार्वजनिक ऋण ल्याएर देशलाई नवउपनिवेश बनाउने हो ।"

सचिव सुवालले भन्नुभयो, "रास्वपा सरकारले एक महिनामै ८० हजार युवालाई वैदेशिक रोजगारीमा पठायो । ६० अर्बभन्दा बढी वैदेशिक ऋण लियो । इन्धनको मूल्य बढाएर नेपाली जनताको जीवन थप कठिन पार्‍यो । यसकारण, रास्वपाको सरकार र नेका-एमाले-माओवादीको सरकारमा भिन्नता भएन । नेपाली जनता भ्रममा पर्नुहुँदैन ।"

नेपाली युवालाई घर-खेत बेचाएर वैदेशिक रोजगारीमा पठाउने अहिलेसम्मका सरकारहरू नामले फरक भए पनि कामले उही भएको सचिव सुवालले स्पष्ट पार्नुभयो ।

शेरबहादुर विकको सभापतित्वमा भएको उक्त कार्यक्रममा पार्टीका केन्द्रीय सदस्य सरोजराज गोसाई, नवीन शाही, नारायणी चौधरीलगायतले बोल्नुभएको थियो ।

## नेपाल र नेपाली जनता प्रभुत्ववादको विरोधमा लड्नु आवश्यक छ !

हरेक देशको ऐन-कानुन र संविधान देशको भूगोल र जनताको राजनैतिक सिद्धान्तले निर्णय गर्छ । संरा अमेरिकाको क्षेत्रफल झन्डै चीनको जत्तिकै छ, त्यहाँ करोडौँ सस्तो ज्यामी अन्य देशबाट लैजान सकिन्छ । साँच्चै भनौँ भने त्यस देशको विकास निर्माणमा विदेशी वा आप्रवासीहरूको महत्त्वपूर्ण भूमिका छ । त्यहाँका साँचो अमेरिकी भन्नाले आदिवासी वा 'राता भारतीयहरू' (रेड इन्डियन) वा ताम्रवर्णका आदिवासी हुन् जो अत्यन्त अल्पमतमा छन् । त्यस देशमा खेतीपातीको विकास, उद्योग र व्यापारको विकासमा अफ्रिकाबाट लगिएका दासहरूको ठूलो भूमिका छ । कपास खेती र अन्य सम्पूर्ण शारीरिक श्रममा कष्टपूर्ण काम गर्दा अफ्रिकी दासहरूको सालाखाला उमेर २७ वर्षको थियो ।

त्यसबारे कार्ल मार्क्सले अमेरिकी स्वतन्त्रता आन्दोलनपछि लेख्नुभएको थियो- अमेरिकाको समृद्धिमा वा डलरको कणकणमा अफ्रिकी दासहरूको रगत र पसिना मिसिएको छ ।

पुस्ताका पुस्ता अफ्रिकी जनताले संरा अमेरिकाको निम्ति पसिना बगाए; स्वतन्त्रता आन्दोलनमा रगत बगाए; अरु लडाइँहरूमा पनि अमेरिकाको पक्षमा बहादुरी देखाएर आफ्नो कर्तव्य पूरा गरे तर अफ्रिकी जनताको समर्पण र बहादुरीबाट डराएर लडाइँपछि त्यहाँको श्वेत प्रभुत्ववाद नि:शस्त्र अफ्रिकी सिपाहीहरूलाई मेसिनगनले भुटेका घटनाहरू आज अमेरिकामा व्यापक प्रचार छ । एसियाली होस् वा दक्षिण अमेरिकी वा ल्याटिन अमेरिकी प्रवासीहरूले त्यस अत्याचारलाई बुझ्दै आएका छन् । त्यसकारण, मेक्सिकाली र अन्य हिस्पानियाली जनताले आ-आफ्नो भूमि अतिक्रमणको विरोध गर्न थाले । अमेरिकी पुँजीले ती देश र जनतालाई गरेको अन्यायको विरोधमा उनीहरूले आवाज उठाए । दुई तीन वर्ष अगाडि 'जर्ज फ्लोयड' को हत्यापछि जनतामा देखिएको आक्रोशले धेरै कुरा बतायो । तिनीहरूले "हाम्रो पनि यस देशमा योगदान छ ।" 'श्वेत प्रधानता' र जातीय विभेदको विरोधमा आज संरा अमेरिका संसारमा बदनाम छ ।

जातको आधारमा भेदभाव गर्नु, धर्मको नाममा अन्य धर्म मान्नेहरूलाई हेला गर्नु, अरुको भाषालाई भेदभाव र अन्याय गर्नु तथा प्रजातान्त्रिक अधिकारलाई दबाउनु एवम् कुण्ठित गर्नु नै अधिनायकवाद हो । संयुक्त राज्य अमेरिका 'श्वेत फासीवाद' बाट आक्रान्त छ ।

इटालीको अधिनायकवादी मुसोलिनीले "रोमको गर्व पुन: स्थापित गर्ने, क्याथोलिक धर्म सबभन्दा राम्रो र जहाँ जहाँ क्याथोलिक धर्म हुन्छ, त्यहाँ त्यहाँ इटालीको शासन हुन्छ" भनी इटालीले अफ्रिकाको अविसिनियासमेत कब्जा गरेको थियो । 'रोमको गौरव' को अर्थ 'राष्ट्रिय गौरव' वा 'अन्ध राष्ट्रवाद' हो । त्यहाँ पनि प्रजातन्त्रलाई निषेध गर्दै सबै कम्युनिस्ट र अन्य प्रजातन्त्रवादीहरू पनि जेलमा बन्दी बनाइए; कतिपय मारिए ।

जर्मनीका हिटलर भन्थे, "जर्मनीका जनता शुद्ध आर्य जाति हो । यसकारण, संसारलाई शासन गर्ने नैतिक अधिकार छ ।" जहाँ-जहाँ जर्मनी जाति छ, ती ती देश हाम्रो राष्ट्रको घेरा हो भन्ने मान्थे । 'अन्तर्राष्ट्रिय समाजवादको विरोध' मा राष्ट्रिय समाजवाद वा जर्मन समाजवादको नारा दिएर हिटलरले रुस र युरोपका अन्य देशमाथि हमला गरेका थिए । प्रजातन्त्रविरोधी भएको हुँदा उनले लाखौँ कम्युनिस्ट र प्रजातन्त्रवादीहरूलाई मारेका थिए ।

आज छिमेकी भारतको नेतृत्वमा रहेको मोदीको सरकार 'हिन्दू राष्ट्रवाद' को हिमायती हो; अन्य जाति र धर्मको कट्टर विरोधी हो । मोदी दक्षिण एसिया र हिन्द महासागर भारतको हो भन्ने गलत विचार राख्छन् । यसकारण, भारत र पाकिस्तानको बिचमा मतभेद छ । त्यस्तै, श्रीलङ्का र बङ्गलादेशमा पनि भारतीय एकाधिकार पुँजीको दबदबा छ । नेपालको विद्युत् नेपालले होइन बङ्गलादेशमा भारतले बेच्छ । तर, नेपालको फलफूल, तरकारी र अन्य सामान बङ्गलादेशबाट विदेशमा बेच्न र विदेश पठाउन दिँदैन । भारतले नेपाली बिजुलीको सट्टा सस्तो बङ्गलादेशी ग्यास


***बाँकी पृष्ठ ८ मा***



२०८३ वैशाख २५ गते भक्तपुर नगरपालिकाद्वारा भनपा वडा नं. ३ मा आयोजित पोषण लेखाजोखा शिविरमा बालबालिकाको पोषण मापन गर्दै स्वास्थ्यकर्मीहरू । *तस्विर : मजदुर दैनिक*

# काभ्रेमा १३७ औं अन्तर्राष्ट्रिय श्रमिक दिवस

काभ्रे, २६ वैशाख । १३७ औं अन्तर्राष्ट्रिय श्रमिक दिवसको अवसरमा नेपाल क्रान्तिकारी युवा सङ्घ काभ्रे र नेपाल क्रान्तिकारी विद्यार्थी सङ्घ काभ्रेको आयोजनामा बनेपामा विचार गोष्ठी भयो ।

नेपालको श्रम ऐन २०७४ र संशोधनसहितको नियमले दिनको ८ घण्टा, हप्तामा ४८ घण्टा कामको समय प्रत्याभूति गरेको भए पनि पूर्णरूपमा पालना नभएको विचार नेपाल मजदुर किसान पार्टी काभ्रे जिल्ला समितिका अध्यक्ष कृष्णकुमार वैद्यले बताउनुभयो ।

उहाँले भन्नुभयो, "कुटीर उद्योग र कृषिलाई प्राथमिकतामा राखेर देशलाई आत्मनिर्भर बनाउनु पर्छ । वैदेशिक ऋणले देश उपनिवेश बन्ने हुँदा वर्तमान दुर्इतिहाइको सरकारले पनि विगतकै शासकहरूको अर्थनीतिलाई पछ्याउनु गलत छ ।"

स्वदेशमै रोजगारीको बन्दोबस्त हुनुपर्ने, योग्यताअनुसारको काम र कामअनुसारको ज्यालाको बन्दोबस्त हुनुपर्ने, बेरोजगार युवाहरूलाई बेरोजगार भत्ताको व्यवस्था हुनुपर्नेमा उहाँले जोड दिनुभयो ।

नेपाल मजदुर किसान पार्टी काभ्रे जिल्ला समितिका सल्लाहकार डा. हरिप्रसाद मानन्धरले नेपालले असंलग्न परराष्ट्रनीति अङ्गीकार गर्नुपर्नेमा इजरायलको समर्थन गर्नु शक्तिराष्ट्रसामु आत्मसमर्पण गर्नु हो भन्नुभयो ।

कार्यक्रममा नेपाल मजदुर किसान पार्टी बनेपा नगर समितिका उपाध्यक्ष सत्यनारायण श्रेष्ठ, नेपाल क्रान्तिकारी विद्यार्थी सङ्घ काभ्रे जिल्ला समितिका अध्यक्ष राजु तामाङले मे दिवसको इतिहासबारे प्रकाश पार्नुभएको थियो ।

# बागमती प्रदेश बक्सिङ सङ्घको दोस्रो वार्षिक साधारणसभा




काठमाडौं, २६ वैशाख । बागमती प्रदेश बक्सिङ सङ्घको दोस्रो वार्षिक साधारणसभा तथा निर्वाचन अधिवेशनले आठौं साफका गोल्डमेडलिस्ट रामचन्द्र थापामगरको अध्यक्षतामा ९ सदस्यीय कार्य समिति चयन गऱ्यो । जसमा उपाध्यक्षमा अनिलप्रसाद दाहाल, सचिव रामकृष्ण प्रजापति, कोषाध्यक्षमा नयनबहादुर भण्डारी, सदस्यहरूमा अनुशा थापामगर, सङ्गीता राना, कृष्णबहादुर कुमाल, हरि खतिवडा र अमित मानन्धर सर्वसम्मत निर्वाचित गरियो ।

पूर्वसंस्कृति र पर्यटनमन्त्री एवम् प्रदेश सांसद दीपेन्द्र श्रेष्ठले उद्घाटन गर्नुभएको उक्त कार्यक्रममा उहाँले बक्सिङ रिङमा मात्र नभई अदालतको कठघरामा उभिएर विवाद निरुपण गरी जीत हासिल गरेर साधारणसभा तथा अधिवेशन हुन सफल भएकोमा बधाई दिनुभयो ।

उहाँले राष्ट्रिय र अन्तर्राष्ट्रिय पदक जितिराखेको यस बक्सिङ खेलमा सरकारले खेलकुदलाई प्राथमिकता नदिँदा विस्तारै खस्कँदै गएको बताउँदै सरकारले प्रतियोगिता सञ्चालन गर्ने, कभर्डहल निर्माण र खेलाडीहरूको निम्ति राहत र पूर्वाधार निर्माण सुनिश्चित गर्नुपर्ने बताउनुभयो । उहाँले सरकारले राष्ट्रियस्तर कभर्ड हल निर्माण गर्नुपर्ने बताउँदै स्थान उपलब्ध गरिदिए बागमती प्रदेश सरकारलाई अनुरोध गरेर बजेट राख्न लगाउन मद्दत गर्ने बताउनुभयो ।

अतिथि मानबहादुर भण्डारीले बाधा अड्चन पन्छाएर अधिवेशन गर्न सफल भएको बताउँदै राष्ट्रिय खेलकुद परिषद्ले गर्न नसकेको अवस्थामा बागमती प्रदेशले खेलकुद प्रतियोगिता गरेर राष्ट्रिय र अन्तर्राष्ट्रिय खेलाडी तयार गरिरहेको बताउनुभयो । उहाँले पहिले ओलम्पिक १९६४ मा नेपालका ४ जना बक्सर सहभागी भएको इतिहास बोकेको खेलमा नातावाद, कृपावाद र भनसुनले बिग्रिएको बताउँदै योग्य, सक्षम खेलाडीहरूको इमानदारी पूर्वक छनौट गर्ने र काम गर्ने क्षमतावानलाई राज्यले सिफारिस गर्नुपर्ने बताउनुभयो ।

कार्यक्रममा प्रदेश खेलकुद विकास परिषद् बागमती प्रदेशका सदस्य एवम् अधिवेशनका प्रतिनिधि कल्पना खड्काले १३ जिल्ला सङ्घ गठन गरी बक्सिङ खेलको विकास र प्रगति र उन्नतिको कामना गर्नुभयो ।

बागमती प्रदेश बक्सिङ सङ्घ तदर्थ समितिका संयोजक रामचन्द्र थापामगरको सभापतित्वमा सम्पन्न सो कार्यक्रममा स्वागत रामकृष्ण प्रजापतिले गर्नुभयो भने सञ्चालन श्री स्टार रेफ्रि सन्तोष आलेमगरले गर्नुभयो ।

कार्यक्रममा नेपाल बक्सिङ महासङ्घका उपाध्यक्ष ओमनारायण श्रेष्ठ, ललितपुर जिल्ला खेलकुद विकास समितिका अध्यक्ष विनोद महर्जनले पनि बोल्नुभएको थियो ।

अधिवेशनमा निर्वाचित समितिका संयोजक श्याम रोक्काले निर्वाचितहरूलाई सपथ गराउनुभयो भने प्रदेश खेलकुद विकास परिषद् बागमती प्रदेशका सदस्य एवम् अधिवेशनका प्रतिनिधि कल्पना खड्काले प्रमाणपत्र वितरण गर्नुभयो ।

# चैत्य र पञ्चबुद्ध ढोकाको जीर्णोद्धार तथा रङरोगन

भक्तपुर, २६ वैशाख । मैत्रेय युवा सङ्घ र चैत्य सम्पदा संरक्षण समितिको संयुक्त आयोजनामा बु.सं. २५७० को बुद्ध जयन्तीको उपलक्ष्यमा तथा थथुबही, न:पुखुको पश्चिमपट्टीको दुईवटा चैत्य र पञ्चबुद्ध ढोकाको जीर्णोद्धार तथा रङरोगन गरी संरक्षण गर्ने कार्य सम्पन्न भएको उपलक्ष्यमा चैत्यपूजा कार्यक्रम शनिबार सम्पन्न भयो ।

अखिल नेपाल भिक्षु महासङ्घका अध्यक्ष 'फ्राखु विशाल' धम्मसोभन महास्थवीरद्वारा बुद्धपूजा तथा पञ्चशील प्रदान गरी सुरू भएको कार्यक्रममा उहाँले चैत्यको महत्त्व तथा बुद्धका उपदेश विषयमा बोल्नुभएको थियो ।

चैत्य संरक्षणका संयोजक तीर्थराज बज्राचार्यले चैत्य हाम्रो सम्पदा भएकोले स्थानीय सरकारले चासो लिई ठाउँ ठाउँमा रहेका चैत्य, बौद्ध सम्पदाहरू संरक्षण गर्न ध्यान दिनुपर्ने बताउनुभयो ।

दाताहरूलाई कृतज्ञता पत्र वितरण गर्नुभएको उक्त कार्यक्रममा महामञ्जुश्री गुरू गुठी संस्थाका सचिव पद्मसुन्दर शाक्य, बौद्ध सङ्घ भक्तपुरका उपाध्यक्ष बौद्ध उपासक सङ्घरत्न शाक्य तथा कुथुबही विकास समितिका अध्यक्ष प्राध्यापक सिद्धिरत्न शाक्यले बौद्ध सम्पदाहरूलाई संरक्षण गर्न स्थानीय सरकार समक्ष माग गर्नुभयो ।

मैत्रेय युवा सङ्घका अध्यक्ष लक्ष्मीचन्द्र बज्राचार्यको सभापतित्वमा भएको कार्यक्रममा बबिता शाक्यले आर्थिक प्रतिवेदन प्रस्तुत गर्नुभएको थियो ।

# आठौं भाषा प्रशिक्षण सोमबारदेखि

काठमाडौं, २६ वैशाख । पर्यटन व्यवसायीलाई लक्षित गर्दै आठौं चिनियाँ भाषा कक्षा सोमबारदेखि सुरु हुने भएको छ ।

नेपाल पर्यटन बोर्ड, नेपालस्थित चिनियाँ दूतावास र नेपाल-चीन सांस्कृतिक तथा शैक्षिक परिषद्को सहकार्यमा सोमबारदेखि चिनियाँ भाषा सुरु हुन लागेको हो ।

नेपाल पर्यटन बोर्डमा शनिबार आयोजित पत्रकार सम्मेलनमा ८० जना पर्यटन व्यवसायी तथा सरकारी कर्मचारीलाई चिनियाँ भाषा कक्षा सञ्चालन गर्न लागिएको जानकारी दिइएको हो ।

कार्यक्रममा नेपाल पर्यटन बोर्ड सञ्चालक समितिका अध्यक्ष एवम् पर्यटन मन्त्रालयका सचिव मुकुन्दप्रसाद निरौलाले चिनियाँ भाषा प्रशिक्षण कार्यक्रमले नेपाल-चीन सम्बन्धलाई अझ प्रगाढ बनाउने बताउनुभयो ।

उहाँले भाषा अभिव्यक्तिको माध्यममात्र नभई संस्कृति र जनताबिचको पुल भएको उल्लेख गर्नुभयो । पर्यटन विस्तार र अन्तर्राष्ट्रिय सम्बन्ध प्रवर्द्धनमा भाषाको योगदान महत्त्वपूर्ण भएको उहाँको भनाइ थियो ।

नेपालका लागि चिनियाँ राजदूत चाङ माओमिङले नेपाल प्राकृतिक तथा सांस्कृतिक सम्पदाले सम्पन्न मुलुक भएकोले चिनियाँ पर्यटकको प्रमुख रोजाइको गन्तव्य नेपाल बनेको बताउनुभयो ।

अप्रिल महिनामा मात्रै ११ हजारभन्दा बढी चिनियाँ पर्यटक नेपाल आएको उहाँको भनाइ थियो । "चिनियाँ भाषा तालिम कार्यक्रम चीन-नेपाल जनस्तरीय आदानप्रदानको महत्त्वपूर्ण कार्यक्रम बनेको छ," उहाँले भन्नुभयो ।

नेपाल पर्यटन बोर्डका निमित्त कार्यकारी प्रमुख हिक्मत सिंह ऐरले चिनियाँ भाषा प्रशिक्षणले पर्यटन क्षेत्रका जनशक्तिलाई व्यावसायिक रूपमा सक्षम बनाउने विश्वास व्यक्त गर्नुभयो ।

नेपाल-चीन सांस्कृतिक तथा शैक्षिक परिषद्का प्रमुख हरिशचन्द्र साहले सन् २०१६ देखि सुरु भएको प्रशिक्षण कार्यक्रमको आठौं संस्करणसम्म आइपुग्दा २८० भन्दा बढी पर्यटन व्यवसायीले चिनियाँ भाषा प्रशिक्षण प्राप्त गरिसकेको जानकारी दिनुभयो ।

प्रशिक्षण कक्षा वैशाख २८ गते सोमबारदेखि सुरु हुनेछ । कक्षा भने बेलुका ५ देखि ७ बजेसम्म हुने नेपाल पर्यटन बोर्डले जनाएको छ ।

# "विपद् जोखिम न्यूनीकरणका लागि प्रहरी तयारी अवस्थामा छ"

काठमाडौं, २६ वैशाख । जल तथा मौसम विज्ञान विभागले यस वर्षको मनसुन आगामी जेठ १८ गतेदेखि प्रारम्भ हुने अनुमान गरेको छ । आगामी असोज १४ सम्म रहने मनसुनमा मुलुकका अधिकांश भूभागमा सरदरभन्दा कम वर्षा हुने तथा अधिकतम र न्यूनतम तापक्रम भने देशभर सरदरभन्दा बढी रहने विभागको पूर्वानुमान छ ।

मनसुनजन्य विपद्का कारण मुलुकमा बर्सेनि ठूलो मात्रामा जनधनको क्षति हुने गरेको छ । विपद्को वार्षिक आँकडाका आधारमा सबैभन्दा बढी विपद्का घटना र क्षति तथा नोक्सानी मनसुनको चार महिनाको अवधिमा हुने गरेको छ ।

राष्ट्रिय विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन प्राधिकरणका अनुसार पछिल्लो एक दशकमा मनसुनजन्य विपद्बाट मुलुकभर तीन हजार ७४ जनाको मृत्यु भएको छ । ती घटनामा परी पाँच सय दुई जना बेपत्ता, चार हजार ७६९ जना घाइते तथा ३३ हजार १९८ घरपरिवार प्रभावित भएका छन् ।

गतवर्ष मात्रै बाढी, पहिरो, भारी वर्षा र चट्याङबाट एक सय ४० जनाको मृत्यु, ३० बेपत्ता, तीन सय घाइते तथा पाँच हजार ९९५ परिवार प्रभावित भएका थिए । जटिल भू-संरचना, कमजोर भौगर्भिक अवस्था, मौसमी विषमता, वातावरण प्रदूषण तथा जलवायु परिवर्तनका कारण नेपाल बहुप्रकोपको उच्च जोखिममा छ ।

# सिक्दै, कमाउँदै मङ्गला माविका विद्यार्थी

म्याग्दी, २६ वैशाख । म्याग्दीको बाव्यिचौरमा रहेको मङ्गला माध्यमिक विद्यालयका विद्यार्थीहरूले हासिल गरेको प्राविधिक शिक्षालाई व्यवहारिक रूपमा प्रयोग गरेर व्यावसायिक रूपमा तरकारीखेती गरी आम्दानी गर्न थालेका छन् ।

मङ्गला गाउँपालिका-२ स्थित उक्त विद्यालयको प्राविधिक धारतर्फ कक्षा ९ देखि १२ सम्म कृषि विषय अध्ययन गर्ने विद्यार्थीहरूले जग्गा भाडामा लिएर तरकारी खेती गरेका हुन् । विद्यालयको कृषि प्राविधिकका संयोजक करन कँडेलले विद्यार्थीहरूले प्रयोगात्मक अभ्यासका लागि गरेको तरकारीखेतीबाट आम्दानी पनि गर्न थालेका जानकारी दिनुभयो ।

"कक्षा कोठामा विद्यार्थीले हासिल गर्ने सैद्धान्तिक ज्ञानलाई दिगो र व्यवहारिक बनाउन प्रयोगात्मक अभ्यासका लागि दुई रोपनी जग्गामा मौसम अनुसारका तरकारी खेती गरेका छौं", उहाँले भन्नुभयो ।

कक्षा ९ का विद्यार्थी देविना पुनले सैद्धान्तिकसँगै प्रयोगात्मक अभ्यास गर्दा पढेको विषयवस्तुलाई बुझ्न सजिलो भएको बताउनुभयो । बागलुङबाट कृषि विषय अध्ययनका लागि मङ्गला माविमा आएकी प्रतिज्ञा विकले प्राविधिक शिक्षाका साथै उत्पादनलाई बजारीकरण र व्यावसायिक गर्ने ज्ञान र सीप हासिल गर्न पाउँदा भविष्यमा स्वरोजगार र आत्मनिर्भर बन्न सकिने आत्मबल बढेको बताउनुभयो ।

विद्यालयमा विसं २०७६ देखि प्राविधिक धारतर्फ कृषि विषयमा पठनपाठन सुरु भएको थियो । कक्षा ९ देखि १२ सम्म कृषि विषयको पठनपाठन हुने गरेको छ ।

## सङ्क्षिप्त समाचार

# कोरलानाकामा खानेपानी समस्या समाधान गरिँदै

मुस्ताङ, २६ वैशाख । उत्तरी कोरलानाका क्षेत्रमा शुक्रबार खानेपानी बोरिङ योजनाको शिलान्यास गरिएको छ । लोमान्थाङ गाउँपालिकाको चालु आर्थिक वर्षको वार्षिक स्वीकृत कार्यक्रमअनुसार कोरलानाकाको दशगजा क्षेत्र नजिकै खानेपानीको व्यवस्था मिलाउन बोरिङ खानेपानी योजना कार्यान्वयनमा ल्याइएको हो ।

कोरलानाकाको नेपालतर्फ खानेपानीको व्यवस्था नहुँदा कोरलानाकामा त्रिपाल टाँगेर व्यापार व्यवसाय चलाएका स्थानीय व्यापारी, कोरलानाका अवलोकनमा गएका पर्यटक तथा कोरलानाकाबाट आयात/निर्यात गर्ने व्यापारी तथा चालकलाई निकै ठूलो समस्या पर्दैआइरहेको थियो । स्थानीय व्यापारी, पर्यटक र कोरलानाकाबाट आयात/निर्यात गर्ने व्यापारीलाई खानेपानीको समस्या समाधान गर्न लोमान्थाङ गाउँपालिकाले यसप्रकारको अग्रसरता देखाएको हो ।

यसअघि नेपाल-चीन कोरलानाका क्षेत्रमा खानेपानीको व्यवस्था नहुँदा त्यहाँका व्यापारी तथा पर्यटकलाई निकै ठूलो समस्या पर्ने गरेको थियो । नाकामा खानेपानी नहुँदा त्यहाका व्यापारी तथा पर्यटकले खानेपानी तथा शौचालयन नभएको गुनासो गर्ने गरेका थिए ।

# झापामा रगतको माग उच्च

झापा, २६ वैशाख । नेपाल रेडक्रस सोसाइटी झापा शाखाले सञ्चालन गरेको रक्तसञ्चार सेवा केन्द्रमा गरिएको परीक्षणको क्रममा पछिल्ला पाँच आर्थिक वर्षमा २९ जना रक्तदाताको रगतमा एचआइभी सङ्क्रमण (रिएक्टिभ) फेला परेको छ ।

सुरक्षित रगत आपूर्तिका लागि सोसाइटीले झापाको भद्रपुर, बिर्तामोड र दमकमा रक्तसञ्चार सेवा केन्द्र सञ्चालन गर्दै आएको छ । सङ्कलित रगत बिरामीलाई चढाउनुअघि एचआईभी, हेपाटाइटिस बी, हेपाटाइटिस सी र भिरिङ्गीजस्ता सरुवा रोगहरूको अनिवार्य प्रयोगशाला परीक्षण गर्ने क्रममा यी तथ्य बाहिर आएका हुन् ।

रगत जाँचका क्रममा आर्थिक वर्ष २०७८/७९ मा एक जना, आव २०७९/८० मा दुई जना, आव २०८०/८१ मा छ जना, आव २०८१/८२ मा १४ जना र आव २०८२/८३ मा छ जना रक्तदाताको रगतमा एचआईभी पोजेटिभ फेला परेको रक्तसञ्चार सेवा केन्द्र भद्रपुरका इन्चार्ज शिशिर दाहालले जानकारी दिनुभयो । आव २०८१/८२ मा सबैभन्दा बढी १४ जना रक्तदाताको रगतमा एचआईभी पोजेटिभ भेटिएको उहाँले जानकारी दिनुभयो । सेवा केन्द्रमा जाँच गरिएका रगतमा एचआईभी पोजेटिभ देखिएमा पुनर्पुष्टिका लागि थप परीक्षण र परामर्शका लागि सिफारिस गरिदै आएको उहाँले बताउनुभयो ।

# न्यायिक महोत्सव गर्दै उच्च अदालत जनकपुर

महेन्द्रनगर (धनुषा), २६ वैशाख । मधेस प्रदेशमा पहिलो पटक न्यायिक महोत्सव भएको छ ।

न्यायिक सेवा प्रवाहलाई थप प्रभावकारी, पारदर्शी र नागरिकमैत्री बनाउने उद्देश्यसहित अदालतको कार्यप्रगति, मुद्दा फछ्र्योटको अवस्था तथा आगामी न्यायिक मेला गर्न लागेको जनकपुर उच्च अदालतका कायममुकायम मुख्य न्यायाधीश टेकनारायण कुँवरले बताउनुभयो ।

सो मेलामा अदालतको समग्र कार्यसम्पादन, मुद्दा व्यवस्थापन प्रणाली, सेवा प्रवाह, पुराना मुद्दा फछ्र्योटको अवस्था तथा नागरिकलाई न्यायिक प्रक्रियाबारे सहज जानकारी उपलब्ध गराउने उद्देश्यले आयोजना गर्न लागिएको हो ।

# भारतीय मुद्रासहित दुई पक्राउ

नेपालगन्ज, २६ वैशाख । बाँकेमा प्रहरीले स्रोत नखुलेको छ लाख भारतीय मुद्रासहित दुई जनालाई पक्राउ गरेको छ । जिल्लाको नरैनापुर गाउँपालिकातर्फ हिँडेका उनीहरूलाई अटो रिक्सामा विशेष सूचनाका आधारमा जाँच गर्दा अवैध भारतीय ५०० र १००० का नोटसहित पक्राउ गरिएको जिल्ला प्रहरी कार्यालय, बाँकेका प्रहरी नायब उपरीक्षक दीपक पातलीले जानकारी दिनुभयो ।

नेपालगन्ज उपमहानगरपालिका-२ स्थित एकलैनीबाट नरैनापुर गाउँपालिका-५ बस्ने २९ वर्षीय वीरबल कुम्हार, सोही गाउँपालिका-४ बस्ने ३८ वर्षी मुनिव खाँलाई पक्राउ गरिएको उहाँले बताउनुभयो । सो रकम आन्तरिक राजस्व कार्यालय, कोहलपुरमा बुझाइएको छ भने पक्राउ परेकालाई हिरासतमा लिएर अनुसन्धान गरिएको जिल्ला प्रहरी कार्यालय, बाँकेले जनाएको छ ।

# ट्राफिक कारबाहीमा एकैदिन २२ लाख १२ हजार राजस्व सङ्कलन

काठमाडौँ, २६ वैशाख । बितेका २४ घण्टामा दुई हजार ३४ सवारी चालक सवारी नियम उल्लङ्घनको कारबाहीमा परेका छन् । यसबाट राज्यकोषमा रु. २२ लाख १२ हजार राजस्व दाखिला भएको छ ।

काठमाडौँ उपत्यका ट्राफिक प्रहरी कार्यालयका अनुसार मादक पदार्थ सेवन गरेको १४०, नियमविपरीत 'राइड सेयरिङ' गरेका १८४, ट्राफिक सङ्केत उल्लङ्घनकर्ता ८७ र तीव्र गतिमा सवारीसाधन हुइँक्याएका २१० जनालाई कारबाही गरिएको हो ।

यसैगरी, 'लेन' अनुशासन पालना नगर्ने १२०, निषेधित क्षेत्रमा हर्न बजाउने ५७, सडक पेटीमा सवारीसाधन पार्किङ गर्ने ९६, एकतर्फी सडकमा सवारी चलाउने ११० र अन्य सवारी नियम पालना नगरेका एक हजार २९ जनालाई कारबाही गरिएको हो ।



**कर्णाली नदीमा तटबन्ध**

राष्ट्रिय गौरवको आयोजना रानी जमरा कुलरिया सिँचाइ आयोजनाले कर्णाली नदीको कटान नियन्त्रण गर्न कैलालीको टीकापुर नगरपालिका-५ दौलतपुरमा निर्माण गरिरहेको तटबन्ध । यसभन्दा पहिले तारजाली र बोल्ड ढुङ्गा हालेर नदी नियन्त्रणको प्रयास गरिएकोमा अहिले नयाँ प्रविधिको प्रयोग गरी बलियो संरचना निर्माण गरिएको छ । *तस्बिर: झलनाथ खनाल/रासस*

# अनलाइन प्रणालीसँगै भारतीय सवारी निगरानी कडाइ

भैरहवा (रुपन्देही), २६ वैशाख । नेपाल प्रवेश गर्ने भारतीय सवारीसाधनमाथिको निगरानी थप प्रभावकारी बन्ने भएको छ । अभिलेख व्यवस्थापन र अनलाइन प्रणालीको अभावका कारण प्रभावकारी रूपमा कार्यान्वयन हुन नसकेको भारतीय सवारी व्यवस्थापन प्रणाली अहिले डिजिटल माध्यमबाट कडाइका साथ लागू गर्न थालिएको हो ।

भैरहवा भन्सार कार्यालयका प्रमुख भन्सार अधिकृत हरिहर पौडेलका अनुसार नेपाल सरकारले भारतीय नम्बर प्लेटका सवारीसाधनका लागि तोकेको समयसीमा र शुल्कसम्बन्धी व्यवस्था नयाँ नभई विगतदेखि नै लागू रहेको कानुनी प्रावधान हो । तर, अनलाइन प्रणाली नहुँदा कुन सवारी कतिपटक नेपाल प्रवेश गर्‍यो, कति दिन बस्यो र समयसीमा नाघ्यो वा नाघेन भन्ने तथ्याङ्क व्यवस्थित रूपमा राख्न कठिन हुँदा नियम पूर्ण रूपमा कार्यान्वयन हुन सकेको थिएन ।

भारतीय नागरिक नेपालभर भ्रमण गर्न पाउने भए पनि पर्यटकीय प्रयोजनका लागि नेपाल भित्रिने भारतीय सवारीसाधनलाई भने निश्चित समयसीमा तोकिएको उहाँको भनाइ छ । उहाँका अनुसार कार, जिप, मोटरसाइकललगायत पर्यटकीय सवारीसाधनले एक वर्षभित्र एकैपटक वा पटकपटक गरी जम्मा ३० दिनसम्म मात्रै नेपालमा बस्न पाउने कानुनी व्यवस्था छ ।

त्यस्तै, भारतबाट माल बोकेर नेपाल आउने ढुवानीका साधनले रु. एक हजार ५०० तिरेर प्रवेश अनुमति पाउने गरेका छन् । यस्ता गाडीले ७२ घण्टाभित्र नेपाल छाडे थप कुनै शुल्क लाग्दैन । तर, ७२ घण्टाभन्दा बढी नेपालमा बसेमा प्रतिदिन रु. दुई हजार ५०० का दरले महसुल लाग्ने व्यवस्था रहेको पौडेलले जानकारी दिनुभयो ।

**सीमावर्ती बजारका लागि १२ घण्टे सुविधा**

सीमावर्ती क्षेत्रका स्थानीय बासिन्दालाई लक्षित गर्दै नेपाल-भारत सीमा नाकामा छोटो अवधिको आवतजावत सुविधा पनि दिइँदै आएको छ । कार, जिप र मोटरसाइकललगायत भारतीय सवारी साधनले नजिकको नेपाली बजारसम्म आवतजावत गर्न १२ घण्टे सुविधा पाउने गरेका छन् । यस्तो सुविधाका लागि कुनै शुल्क लाग्दैन ।

भन्सार प्रशासनले अनलाइन प्रणाली कार्यान्वयनसँगै अब भारतीय सवारीसाधनको नेपाल बसाइ अवधि, प्रवेश सङ्ख्या र समयसीमा उल्लङ्घनको विवरण सहजै 'ट्र्याक' गर्न सकिने जनाएको छ ।

यसले राजस्व चुहावट नियन्त्रण, अवैध रूपमा लामो समयसम्म विदेशी सवारी सञ्चालन रोक्न तथा कानुनी व्यवस्था प्रभावकारी कार्यान्वयन गर्न सहयोग पुग्ने अपेक्षा गरिएको छ । साथै सीमावर्ती क्षेत्रमा हुने अनियमित आवतजावत नियन्त्रणमा पनि यसले भूमिका खेल्ने प्रमुख भन्सार अधिकृत पौडेलको भनाइ छ ।

# सहकारी नियमन प्राधिकरणको अध्यक्ष र विज्ञ सदस्य पदका लागि दर्खास्त आह्वान

काठमाडौँ, २६ वैशाख । सरकारले राष्ट्रिय सहकारी नियमन प्राधिकरणको अध्यक्ष र विज्ञ सदस्य पदमा नियुक्तिका लागि दर्खास्त आह्वान गरेको छ ।

'सहकारी ऐन २०७४' तथा 'प्राधिकरणको अध्यक्ष र विज्ञ सदस्य पदमा नियुक्तिका लागि सिफारिससम्बन्धी मापदण्ड २०८३' अनुसार इच्छुक नेपाली नागरिकबाट दर्खास्त आह्वान गरिएको हो ।

भूमि व्यवस्था, सहकारी तथा गरिबी निवारण मन्त्रालयका अनुसार, अध्यक्ष पदका लागि अर्थशास्त्र, वाणिज्य, व्यवस्थापन, लेखा, कानुन वा सहकारी विषयमा कम्तीमा स्नातकोत्तर तहको शैक्षिक उपाधि हासिल गरेको हुनुपर्नेछ ।

यस्तै, नेपाल सरकारको राजपत्राङ्कित विशिष्ट श्रेणी वा सो सरहको पदमा कार्य गरेको वा अन्तर्राष्ट्रिय वा राष्ट्रिय स्तरका बैङ्क वा वित्तीय संस्था वा सहकारी संस्थामा रही कम्तीमा १५ वर्ष कार्य अनुभव भएको योग्यता हुनुपर्ने योग्यता तोकिएको छ ।

त्यस्तै विज्ञ सदस्यका लागि अर्थशास्त्र, वाणिज्य, व्यवस्थापन, लेखा, कानुन वा सहकारी विषयमा कम्तीमा स्नातकोत्तर तहको शैक्षिक उपाधि हासिल गरेको हुनुपर्नेछ । यस्तै, अन्तर्राष्ट्रिय वा राष्ट्रिय स्तरका बैङ्क वा वित्तीय संस्था वा सहकारी संस्थामा रही कम्तीमा १० वर्ष कार्य गरेको अनुभव माग गरिएको छ ।

सूचनाअनुसार उक्त योग्यता पुगेका र ६० वर्ष उमेर पूरा नभएकाहरूले उक्त पदका लागि दर्खास्त दिन सक्नेछन् । उनीहरूले दर्खास्त बुझाउँदा वित्तीय सहकारी क्षेत्रमा देखिएका विद्यमान समस्या, चुनौती र अवसरसहितको कार्ययोजना पेस गर्नुपर्नेछ । सूचना जारी भएको १५ दिनभित्र ललितपुरको पुलचोकस्थित राष्ट्रिय सहकारी नियमन प्राधिकरणको कार्यालयमा दर्खास्त दिन सकिने छ ।

यसअघि समस्याग्रस्त सहकारी व्यवस्थापन समितिले समस्याग्रस्त सहकारीका ठूला ऋणीको नाम सार्वजनिक गरेको थियो ।

समितिका अनुसार शनिबार समस्याग्रस्त घोषित १० वटा सहकारीका ठूला ऋणीहरूको नाम सार्वजनिक गरिएको छ । समितिले सूचना जारी गर्दै सम्बन्धित ऋणीहरूले यथाशीघ्र समितिको कार्यालयमा सम्पर्क गरी ऋण चुक्ता गर्न भनेको छ । अन्यथा, कानुनबमोजिम असुली गरिने जनाएको थियो ।

# बुद्धका शिक्षासँग जेनेभा महासन्धिको सम्बन्धबारे जेनेभामा उच्चस्तरीय विमर्श

काठमाडौँ, २६ वैशाख । संयुक्त राष्ट्रसङ्घ तथा अन्य अन्तर्राष्ट्रिय सङ्गठनहरूका लागि जेनेभास्थित नेपालको स्थायी नियोगले शुक्रबार बुद्ध पूर्णिमाको अवसरमा 'बुद्ध, जेनेभा महासन्धि र विश्व शान्ति' विषयमा उच्चस्तरीय छलफल आयोजना गरेको छ ।

त्यस अवसरमा बुद्धका अहिंसा, करुणा, सचेतना तथा शान्तिपूर्ण सहअस्तित्वसम्बन्धी शिक्षाले युद्ध सीमित गर्ने र मानव सुरक्षामा केन्द्रित जेनेभा महासन्धिको मानवीय मूल्यमान्यतासँग पूरक सम्बन्ध राख्ने विचार वक्ताहरूले व्यक्त गर्नुभएको थियो ।

उक्त नियोगले जारी गरेको प्रेस विज्ञप्तिअनुसार जेनेभास्थित प्याले दे नेसन्समा आयोजित कार्यक्रममा नेपालका स्थायी प्रतिनिधि राजदूत रामप्रसाद सुवेदी, स्वीस महासङ्घको सङ्घीय विदेश मामिला विभागअन्तर्गत एसिया-प्रशान्त महाशाखाका प्रमुख मार्कस लाइट्नर, मङ्गोलियाकी स्थायी प्रतिनिधि दावासुरेन गेरेल्मा, थाइल्यान्डकी स्थायी प्रतिनिधि उसाना बेरानान्दा, अन्तर्राष्ट्रिय रेडक्रस तथा रेडक्रिसेन्ट महासङ्घ (आइएफआरसी) का महासचिव जगन चापागाईं, शान्तिका लागि विश्वविद्यालय (युपिस)का स्थायी पर्यवेक्षक डेभिड फर्नान्डेज पुयाना, अन्तर्राष्ट्रिय रेडक्रस समिति (आइसिआरसी) की अन्तरराष्ट्रिय कानुन नीति तथा अभिलेख निर्देशक इभा स्वोबोडा तथा जेनेभा ग्राजुएट इन्स्टिच्युटकी निर्देशक मेरी-लउरे साल्सले बुद्धका उपदेशबारे मन्तव्य व्यक्त गर्नुभएको थियो ।

राजदूत लाइट्नरले विश्वमा शान्ति कायम गर्न बुद्धले गर्नुभएको योगदानको स्मरण गर्दै नेपाल-स्वीट्जरल्यान्डबिच कूटनीतिक सम्बन्ध स्थापनाको ७० वर्ष पुगेको र दुई देशबिचको मित्रता एवं सहकार्य सघन भएको बताउनुभयो । साथै बङ्गलादेश, भुटान, कम्बोडिया, भारत, लाओस, मेक्सिको, सिङ्गापुर, श्रीलङ्का, भियतनाम, नर्वे तथा पाकिस्तानका प्रतिनिधिहरूले पनि बुद्धका उपदेशबारे धारणा राखेका थिए ।

**। सम्पादकीय ।**

# भारतले नेपाली भूमि छोड्नुपर्छ

भारत छिमेकी देश भएर पनि नेपालको सच्चा मित्र देश बन्न सकेन । भारतले नेपाली भूमि मिचेको मिचै छ । भारतले नेपाली भूमि सुस्ता मिचेदेखि लगातार अरू भूमि मिच्न छोडेको छैन । लिपुलेक, लिम्पियाधुरा र कालापानी पनि नेपाली भूमि हो । भारतीय सांसदहरूले संसद्मै नेपाली भूमि भएको दाबी गरे । भारतीय वरिष्ठ सञ्चारकर्मीहरूले पनि नेपालकै भूमि भएको बताएका थिए । ऐतिहासिक पृष्ठभूमि, नक्सा, भू-बनोट आदि प्रमाणको आधारमा लिपुलेक, लिम्पियाधुरा र कालापानी नेपालकै भूमि हो । यसरी यी ठाउँ नेपालको भएको स्पष्ट हुँदा हुँदै भारतीय शासकहरू किन आफ्नो भूमि भनी दाबी गर्छन् ? यी ठाउँ भारतको हो भन्ने कुरा कुनै प्रमाणिक कारण देखिएको छैन ।

नेपाल सरकारले छिमेकी देशहरूलाई नेपाली भूमि हो भनेर सूचना मात्र जारी गर्ने होइन, त्यो भूमिमा नेपालीहरूको उपस्थितिलाई बाक्लो बनाउनुपर्छ । नेपालले प्रशासनिक भवनहरू बनाएर ओहोरदोहोर गर्न मिल्ने वातावरण तयार गर्नुपर्छ । आवश्यकताअनुसार बाटोघाटो, बिजुली, सञ्चारको सुविधा पुऱ्याएर नेपालीहरूको गतिविधि बढाउनुपर्छ । सिमानामा बसेका नेपालीहरूको दु:ख सुख बुझेर नेपालीहरूसँग हितैषी बढाउने काम गर्नुपर्छ । भारतीय भूमि भएर हिँड्नुपर्ने बाध्यता अन्त्य गर्न नेपालले नै ओहोरदोहोर गर्ने बाटो बनाउन पहल गर्नुपर्छ । भारतले कथंकदाचित बाटो रोक्यो भने त्यहाँका जनतालाई जीवन बिताउन असजिलो हुन्छ । त्यहाँका स्थानीयहरूको माग पनि बाटोघाटो र बजारको सुविधा हो । नेपाली भूमि भएर नेपालकै भूमिमा जीवन जोहो गर्नको निम्ति आवश्यक बजारको व्यवस्था भए आधारभूत आवश्यकता पाउन सहज हुन्छ । यसको निम्ति सरकारले पहल गर्नुपर्ने देखिन्छ ।

नेपाली भूमि कायम गर्न सरकारले विज्ञहरूसँग परामर्श लिने, ऐतिहासिक प्रमाणहरू सङ्कलन गर्ने र विभिन्न प्रमाणकै आधारमा नेपालले आफ्नो भूमि कायम गर्न आवश्यक प्रक्रिया अघि बढाउनुपर्छ । नेपाली भूमिलाई जबरजस्ती उपयोग गर्ने र उपयोग गरेकै आधारमा आफ्नो भूमि ठान्ने भारत सरकारको दाबी झूट हो; त्यो मोदी प्रशासनको हस्तक्षेप हो; नेपाली सार्वभौमसत्तामाथिको हस्तक्षेप हो । नेपाली भूमि कायम गर्ने सन्दर्भमा भारत सरकारसँग वार्ता गर्नुअघि नेपालले भए भरका प्रमाण सङ्कलन गर्नुपर्छ । प्रमाण सङ्कलन भइसकेपछि सोही प्रमाणको आधारमा नेपाली भूमि भएको दाबी गर्नुपर्छ । विगतको सरकारले पटक-पटक कूटनीतिक पहल नगरेकै कारण यो समस्या बल्झिँदै गएको हो । नेपाल सरकारको मौनताको फाइदा भारतीय पक्षले लिएको हो ।

यस मामिलामा पहिले नेपाल सरकार पछि हट्नुको कारण भारतसामु बोल्न डराउनु हो; भारतसामु झुक्नु हो । नेपाल सरकारले दाबी गरेपछि भारत रिसाएर आवश्यक सामान रोक्ला कि भन्ने डर नेपालका शासकहरूलाई रहेछ । यसलाई वर्तमान सरकारले एकक्षणको चर्चा मात्र गर्ने होइन; एकपछि अर्को चरणको वार्ता र कूटनीतिक प्रयासलाई जारी राख्नु आवश्यक छ । भारतीय पक्षले नेपाली भूमिलाई मिच्ने क्रम चालू भएसम्म, मिचिएको नेपाली भूमि भारतीय पक्षले फिर्ता नलिएसम्म नेपाल र भारतको सम्बन्ध झन्झन् चिसिनेछ । यस्ता सीमा विवाद भाएसम्म दुई देशको बिचको सम्बन्ध गाढा हुनेछैन, सम्बन्ध बलियो हुनेछैन । भारतीय पक्षले गरिरहेको यस्तै विवाद, थिचोमिचो, हस्तक्षेप र दबाबकै कारण नेपाली जनताले भारतीय सरकारलाई विस्तारवाद भनेका हुन्; नेपाली भूमि फिर्ता लिन या नेपाली भूमिमा भारतीय पक्षले गरिरहेको उपयोग छोड्न आग्रह गर्दै आएका हुन् ।

वैशाख २८ गते सङ्घीय संसद्मा सरकारी नीति तथा कार्यक्रम सार्वजनिक हुनेछ । उक्त नीति तथा कार्यक्रममा सरकारले लिपुलेक, लिम्पियाधुरा र कालापानीमा नेपालीको चहलपहल बढाउन, बस्ती विकास गर्न र नेपालीहरू नेपालकै भूमिमा रहेर जीवन जोहो गर्न आवश्यक बजेटको व्यवस्था गर्नुपर्छ । यो स्थानीयवासीको माग हो; आवश्यकता पनि हो । नीति तथा कार्यक्रममा सो स्थानको विकासको निम्ति प्रशस्त बजेटको खाँचो छ । यसमा सरकार सचेत हुनुपर्छ । सत्तारुढ दलले सरकारमा रहेका र नरहेका दलहरूसँग परामर्श लिई छिटोभन्दा छिटो सो स्थानमा भारतको दाबी छोडाउनुपर्छ । भारतीय पक्षले पनि नेपाली भूमि छोड्नुपर्छ । भारतको अन्तर्राष्ट्रिय क्षेत्रमा बेइज्जत नहोस् । यसतर्फ भारत सरकारको ध्यान पुग्नुपर्छ ।

# मजदुरवर्ग आफ्नो अधिकारको लागि निरन्तर लडिरहन्छ

✍ **विवेक**

*नेपालमा पनि धेरै राजनीतिक पार्टीहरू कम्युनिस्ट पार्टीको झन्डा बोकेर समाजवाद स्थापनाको बाटोमा अगाडि बढ्दै छन् । नेमकिपा, एमाले, माओवादी, माले, नेकपा (संयुक्त), नेकपा मसाल, नेकपा (विप्लव समूह) लगायतका पार्टीहरू समाजवादी क्रान्ति गर्ने दीर्घकालीन उद्देश्यसहित अगाडि बढ्दै छन् । २०४६ सालपछि एमाले र माओवादी पटक पटक सरकारको नेतृत्वमा पुगे र धेरैवटा सरकारमा सहभागी भए । निर्वाचन जितेरै समाजवादी व्यवस्था स्थापना गर्ने उनीहरूको योजना असफल मात्रै भएनन् ती पार्टीहरू नै पुँजीवादी व्यवस्थाको दलदलमा उम्कनै नसक्ने गरी चुर्लुम्म डुबे । पुँजीवादी व्यवस्था परिवर्तनका लागि हिँडेकाहरू स्वयं पुँजीवादी पार्टीमा रूपान्तरण भए । यसले नेपालको कम्युनिस्ट आन्दोलनमा ठुलो क्षति पुगेको छ ।*

संसारभरका मजदुरहरूले मे १ का दिन विभिन्न कार्यक्रमहरूका साथ अन्तर्राष्ट्रिय मजदुर दिवस मनाए । दिनको ८ घण्टाको काम र ज्याला बढाउने मागलाई लिएर भएको आन्दोलनमाथि तत्कालीन अमेरिकी सरकारले चर्को दमन गर्यो तर दमनले मजदुर आन्दोलन रोकिएन । मजदुरहरूले आफ्नो माग पूरा गरेरै छाडे । त्यो विजयको दिनको सम्झना र खुशियालीमा सन् १८८९ देखि मे १ लाई अन्तर्राष्ट्रिय मजदुर दिवसको मनाउन सुरु गरिएको हो ।

पुँजीपतिवर्गको दृष्टिमा मजदुरहरू मान्छे होइनन् । उनीहरूले मजदुरहरूलाई मान्छेको रूपमा व्यवहार पनि गर्दैनन् । पुँजीवादी व्यवस्थामा मजदुरहरूको जीवनको कुनै मूल्य हुँदैन । मजदुरहरू कीराफट्याङ्ग्राजस्तै बाँच्छन्, मारिन्छन् तर कसैले मतलब पनि गर्दैनन् । बढीभन्दा बढी नाफाको निम्ति मजदुरहरूलाई मर्न पनि दिँदैन र बलियो हुन पनि दिँदैन । किनभने, मजदुरहरू बलियो र सङ्गठित भयो भने पुँजीपतिवर्गलाई मसानघाटमा पुऱ्याउँछ भन्ने उनीहरूलाई राम्रोसँग थाहा छ ।

मार्क्स एङ्गेल्सले सन् १८४८ मा कम्युनिस्ट पार्टीको घोषणापत्रमा लेख्नुभयो, 'सर्वहारावर्गसँग हार्नको लागि बाँधिएको सिक्रीबाहेक अरू केही छैन, जित्नको लागि सारा संसार छ ।' घोषणापत्रमा पुँजीपतिवर्गको उत्थान, विकास र पतनको बारे प्रस्ट विश्लेषण गरिएको छ । मजदुरवर्ग र पुँजीपतिवर्गको बिचमा निरन्तर सङ्घर्ष हुने, अन्तिम विजय मजदुरवर्गकै हुने र सर्वहारावर्गको राज्यसत्ता वैज्ञानिक समाजवादको स्थापना हुने बताइएको छ ।

'समाजवाद कसरी प्राप्त गर्न सकिन्छ' भन्ने सन्दर्भमा कम्युनिस्ट घोषणापत्रमा प्रस्टसँग लेखिएको छ- सर्वहारावर्गले बल प्रयोगबाट पुँजीपतिवर्गलाई हटाएर आफ्नो सत्ता कायम गर्दछ ।' यसको अर्थ हो, शासन सत्ता दयामायाले सहज तरिकाबाट एउटा वर्गले अर्को वर्गलाई हस्तान्तरण गर्ने होइन । मजदुरवर्गको सङ्गठित शक्तिले बल प्रयोग गरेर सरकारलाई फालेर आफ्नो शासन सत्ता कायम गर्ने हो । मार्क्स र एङ्गेल्सको महत्त्वपूर्ण शिक्षा यही हो । यही नै मार्क्सवाद हो ।

केही विद्वानहरूले मार्क्स र एङ्गेल्सले कम्युनिस्ट घोषणापत्र लेख्नुभन्दा धेरै अगाडिदेखि नै समतामूलक आदर्श समाज निर्माणको कल्पना गरे । त्यसरी आदर्श समाजको कल्पना गर्नेहरूमध्ये एक हुन्, थोमस मोर । उनले १५ औं शताब्दीमा कल्पनालोक (इटोपिया) भन्ने पुस्तक लेखे । पुस्तकमा सारा जनताको शिक्षा, स्वास्थ्य राम्रो हुनुपर्ने, दु:खविनाको मानिस खुसी हुने कुरा लेखिएको छ ।

सेन्ट साइमन (१७६०-१८२५) ले समतामूलक समाज निर्माणको लागि छिट्टै मजदुरहरूको पार्टी बन्ने र भविष्य त्यही पार्टीको हुने भविष्यवाणी गरे । चार्ल्स फ्युरियो (१७७२-१८३७) ले पुँजीवादी समाजभन्दा बेग्लै समाजको कल्पना गरे । त्यो समाजमा गाउँ र सहरको बिच भेद नहुने, एउटै समूह वा घरमा बस्ने, तिनीहरू विभिन्न दलहरूमा विभाजित हुने, आफ्नो रुचिअनुसारको काम गर्ने तथा गाउँ वा नगरमा करिब १६ सय जना स्थायी बासिन्दा भएको एक आदर्श समाजको कल्पना गरे । रोबर्ट ओबेन (१७७१- १८५८) ले पनि सामूहिक बस्तीको कल्पना गरे । हरेक परिवारको लागि छुट्टाछुट्टै कोठा रहने, सबै मिलेर गाउँ वा जिल्लाको स्थापना गर्दै र मनोरञ्जनको सामूहिक स्थान बनाउनेसमेतको कल्पना गरे । ती सबैलाई काल्पनिक समाजवादी भनिन्छ ।

मार्क्स र एङ्गेल्सले सन् १८४८ मा कम्युनिस्ट घोषणापत्र लेख्नुभन्दा अघिसम्म समतामूलक समाज निर्माणको कल्पना गरिए पनि त्यो समाज कसरी प्राप्त गर्न सकिन्छ भनी बाटो देखाउन सकेनन् । मार्क्स र एङ्गेल्सले कम्युनिस्ट घोषणापत्रमार्फत सशस्त्र क्रान्तिबाट मजदुरवर्गले आफ्नो सत्ता प्राप्त गर्न सकिने बाटो देखाइदिए । त्यो नै मार्क्सवादको महत्त्वपूर्ण पक्ष हो ।

सन् १८७१ मा संसारमा पहिलो पटक फ्रान्सको पेरिस सहरका मजदुरवर्गले सत्ता कब्जा गर्यो । अनुभवबिहीन, सक्षम नेतृत्व नहुन, र निश्चित सिद्धान्तको आधारमा सशक्त पार्टी नहुनु जस्ता अनेकौं कमीकमजोरीले पेरिस कम्युन धेरै दिन टिक्न सकेन । पुँजीपतिवर्गको षड्यन्त्र र चालबाजी बुझ्न नसक्दा त्यो असफल भयो । तर, सर्वहारावर्गको आन्दोलन विश्वव्यापी रूपमा निरन्तर अगाडि बढिरह्यो ।

पेरिस कम्युनबाट शिक्षा लिएर लेनिन र स्तालिनको नेतृत्वमा सोभियत सङ्घमा सन् १९१७ मा समाजवादी क्रान्ति भयो । समाजवादको स्थापनापछि जनतालाई शिक्षा र स्वास्थ्य उपचार नि:शुल्क र प्रत्येक नागरिकले रोजगारीको सुनिश्चितता पाए । उनीहरूलाई कुनै दु:ख थिएन । धर्तीमा सुखी जीवन कहीं थियो भने त्यो सोभियत सङ्घमा थियो । पुँजीवादी देशहरूले २, ३ सय वर्षमा गर्न नसकेको काम पनि समाजवादी सोभियत सङ्घका जनताले ३०।४० वर्षमा गरेर देखाए । त्यो देखेर पुँजीवादीहरू आतिए । उनीहरू कुनै पनि मूल्यमा समाजवाद समाप्तितिर लागे ।

साम्राज्यवादीहरूको घुसपैठ, नयाँ नेतृत्वमा राजनीतिक सचेतनाको अभाव, विभिन्न गैरसरकारी संस्थाहरूमार्फत युवाहरूमा समाजवादप्रतिको नकारात्मक भावना फैलाउनेजस्ता विकृतिहरूको परिणाम अन्तत: सन् १९९१ मा सोभियत सङ्घमा पुँजीवादको पुन:स्थापना भयो । त्यसपछिका दिनहरूमा त्यहाँका जनताले अन्य पुँजीवादी देशका जनताले झैं दु:ख पाउँदै छन् । महिलाहरू जीवन बाँच्न यौन व्यापार गर्नुपर्ने, युवाहरू वैदेशिक रोजगारमा जान बाध्य हुने जस्ता समस्याहरूले त्यहाँका जनताले अहिले नर्कको जीवन बिताउँदै छन् । अझ देश नै १४/१५ टुक्रामा विभाजित भएपछि सोभियत सङ्घ अत्यन्त कमजोर मात्र भएन विभाजित देशहरू रुस र युक्रेनबिच नै वर्षौंदेखि भिषण युद्ध भइरहेको छ । त्यस युद्धको कारण हजारौंले ज्यान गुमाए, खरबौं डलरको भौतिक सम्पत्ति ध्वस्त भयो । यो सबै समाजवादी सिद्धान्त त्यागेर पुँजीवादी व्यवस्था पुन:स्थापनाको परिणाम हो ।

नेपालमा पनि धेरै राजनीतिक पार्टीहरू कम्युनिस्ट पार्टीको झन्डा बोकेर समाजवाद स्थापनाको बाटोमा अगाडि बढ्दै छन् । नेमकिपा, एमाले, माओवादी, माले, नेकपा (संयुक्त), नेकपा मसाल, नेकपा (विप्लव समूह) लगायतका पार्टीहरू समाजवादी क्रान्ति गर्ने दीर्घकालीन उद्देश्यसहित अगाडि बढ्दै छन् । २०४६ सालपछि एमाले र माओवादी पटक पटक सरकारको नेतृत्वमा पुगे र धेरैवटा सरकारमा सहभागी भए । निर्वाचन जितेरै समाजवादी व्यवस्था स्थापना गर्ने उनीहरूको योजना असफल मात्रै भएनन् ती पार्टीहरू पुँजीवादी व्यवस्थाको दलदलमा उम्कनै नसक्ने गरी चुर्लुम्म डुबे । पुँजीवादी व्यवस्था परिवर्तनका लागि हिँडेकाहरू स्वयं पुँजीवादी पार्टीमा रूपान्तरण भए । यसले नेपालको कम्युनिस्ट आन्दोलनमा ठुलो क्षति पुगेको छ ।

एमाले र माओवादीको शासनकालमै पनि नेपालका उद्योगहरू निजीकरणले निरन्तरता पायो, वैदेशिक रोजगारीको नाउँमा युवाहरू देश निकाला गरियो, भ्रष्टाचार व्याप्त भयो, महँगी चरम चुलीमा पुग्यो, योग्यताले भन्दा भागबन्डाले प्राथमिकता पाउँदै गयो । यसले नेपाली जनतामा कम्युनिस्ट पार्टीहरूप्रति नकारात्मक भावनाको विकास भयो । जनताले सबै पार्टीहरू एकै ड्याङका मुलाको रूपमा अनुभूति गरे । जनताको व्यापक असन्तुष्टीको बिच भदौ २३ र २४ गते अप्रत्यासित घटना घट्यो । दुई दिनको आन्दोलनले नै झण्डै दुईतिहाई प्राप्त एमाले र काङ्ग्रेससहितको गठबन्धन सरकार तासको घरझैं भत्कियो ।

२०८२ फागुन २१ गतेको प्रतिनिधिसभाको निर्वाचनमा रास्वपाले झण्डै दुईतिहाइ नजिक जित हासिल गर्यो । यतिखेर विभिन्न देशको लगानीमा सञ्चालित गैरसरकारी र अन्तर्राष्ट्रिय गैरसरकारी (एनजीओ र आइएनजीओ) संस्थाहरूका सञ्चालकहरू सांसद र मन्त्री भएका छन् । निर्वाचन जितेका सांसदहरूले एक महिनामै आआफ्नो चरित्र प्रदर्शन गर्न थालेका छन् ।

नयाँ जोगीले बाक्लो खरानी घसेझैं स्वतन्त्र पार्टीको सरकारले शिक्षकहरूले राजनीति गर्न नपाउने, विद्यार्थी सङ्गठन खारेज गर्ने, विद्यालय र अस्पतालहरूमा दुई दिन बिदा दिने, संसद् छलेर थुप्रै ऐन कानुनहरू अध्यादेशबाट संशोधन गर्ने, वैकल्पिक व्यवस्थाबिना हजारौं सुकुमवासी बस्ती हटाउनेजस्ता कार्यहरू गरेर सरकार निरङ्कुशतातर्फ जाने सङ्केत गर्दै छ ।

विभिन्न क्षेत्रबाट रास्वपा सरकारको विरोध सुरु भएको छ । अहिलेको काम कारबाहीलाई हेर्दा रास्वपा सरकार प्रजातन्त्रको बाटो त्यागेर निरङ्कुशतातर्फ अघि बढ्ने सङ्केत देखिन्छ । परम्परागत निरङ्कुशताभन्दा जननिर्वाचित निरङ्कुशता झन् खतरनाक हुन्छ । जनताको हक अधिकार खोसिएमा जस्तोसुकै निरङ्कुशताविरुद्ध पनि जनता सडकमा उत्रन्छन् । सुशासन नारामा होइन व्यवहारमा देखिनुपर्छ । डर, त्रास देखाएर निरङ्कुशता लाद्नु सुशासन होइन । बोली र व्यवहार उल्टो गर्नु पाखण्डी हो । निरङ्कुशता र पाखण्डी व्यवहार सुशासन हुन सक्दैन । त्यो त विगतमा राजा ज्ञानेन्द्र, एमाले, नेका र माओवादीकै पदचापमा हिँड्नु हो । रास्वपाले पनि इतिहासबाट शिक्षा लिन सकेन भने त्यही फोहर नालीमा फालिनेछ । कामदार वर्ग भने आफ्नो लक्ष्य प्राप्तिको बाटोमा निरन्तर अघि बढिरहनेछ ।

# हर्मुजदेखि पनामासम्म अमेरिकाको डकैती

✍ गेरी विल्सन

अप्रिल १९ गते हर्मुज जलनाकानिर अमेरिकी सेनाले इरानी झन्डावाहक कार्गो जहाज कब्जा गऱ्यो । त्यस यता इरानी सेनाले हर्मुज जलनाकाबाट आउजाउ गर्ने कार्गो जहाजहरूलाई अवैध रूपमा कब्जा गर्दै आएको छ । अप्रिल २४ मा ट्रम्पले अमेरिकी जलसेनालाई इरानी डुङ्गाहरूलाई 'गोली ठोक्न र मार्न' आदेश दिए । हर्मुज जलनाकामा ती डुङ्गाले माइन (धराप) बिछ्याएको आरोप थियो उनको ।

इरानले अमेरिकी आरोप स्वीकारेको छैन । अमेरिकी आरोप निराधार छ । किनभने, अमेरिकी सेनाले यस्तै आरोप पहिले पनि लगाएको इतिहास छ । कुनै बेला उसले 'लागूऔषध युद्ध' को झन्डा बोकेका जलबेडा क्यारिबिया सागरमा पठाएको थियो । त्यहाँ लागूऔषध बोकेको आरोप लगाएर उसले ससाना डुङ्गाहरूमाथि बमबारी गरेको थियो । आजसम्म पनि उसको त्यो आरोप पुष्टि भएको छ । अमेरिकी तरिका पुरानै हो - पहिले आरोप लगाउने, शत्रुलाई ध्वस्त पार्ने, प्रत्यक्ष प्रमाणहरू नष्ट गर्ने र बाँकी रहेको भग्नावशेषलाई प्रमाणको रूपमा पेस गर्ने ।

दशकौंदेखि वासिङटनले जलसेना, आर्थिक प्रतिबन्ध र डलर प्रणालीमाथिको पकडका बलमा समुद्री मार्गलाई मुट्ठीमा राख्न सकिने दाबी गऱ्यो । हर्मुजले उसको त्यो दाबीलाई फिक्का बनाइदिएको छ । युद्धका कारण इरानले नाका बन्द गरेपछि वासिङटन अहिले 'पारवहन स्वतन्त्रता' को नारा फलाक्दै छ । शक्ति गुमेपछि उसले 'कानुनको रक्षा' गर्ने नाटक गर्दै छ ।

**कानुनी कथा**

राष्ट्रसङ्घको एउटा कानुन छ - समुद्री अभिसन्धि । वासिङटन र तेहरान दुवैले त्यसमा सही गरेका छैनन् । त्यसैले वासिङटनले 'पारवहन स्वतन्त्रता' भन्ने कानुनी आधार नै छैन । 'पारवहन स्वतन्त्रता' तटस्थ कानुन नै होइन । वासिङटनले बलजफ्ती जलसेना, डलरनिर्भर व्यापार र राज्यहरूको पदानुक्रमअनुसार 'पारवहन स्वतन्त्रता' लाई एक सर्वव्यापी नियमको रूप दिँदै आएको मात्र हो ।

समुद्रमा जे अभ्यास भइरहेको थियो त्यो एकदम सरल छ । अमेरिकी जलबेडाहरू समुद्रमा आफूखुसी हिँड्थे र अमेरिकी आडमा विभिन्न देशका कार्गोहरू यताउता जान्थे । वासिङटनले निसाना साँधेका देशहरूले अमेरिकी नियम मान्नुपर्थ्यो । आफ्नो जलबेडा, प्रतिबन्ध र बीमा दबाबको बलमा अमेरिकाले यो नियम लागू गर्थ्यो । नियम मान्न अस्वीकार गर्ने देशलाई अमेरिकाले 'कानुन मिचेको' आरोप लगाउँथ्यो र प्रतिकारमा उत्रिन्थ्यो ।

एक व्यवसायिक जहाज प्रणालीका विज्ञले समुद्री कानुन शान्तिपूर्ण समयका लागि मात्र हुन् भने । युद्धको बेला जहाज रोक्ने, अर्काको जहाजमा घुस्ने र जहाजै कब्जा गर्ने काम हुँदै आएको छ । यस्ता कार्यलाई राष्ट्रिय सुरक्षाको नाममा उचित देखाउने गरिन्छ । इरानी विदेशमन्त्री अब्बास अरागचीले अप्रिल २२ मा इरानको अडान स्पष्ट पारे । दक्षिण कोरियाली दूतसँग उनले आफ्नो धारणा प्रस्ट पारेका थिए । फेब्रुअरी २८ मा अमेरिकाले आक्रमण गरेपछि इरानले एक तटवर्ती देशको रूपमा अन्तर्राष्ट्रिय कानुन पालन गर्दै आएको तथा आफ्नो सुरक्षा एवम् राष्ट्रिय हितको रक्षार्थ स्वदेशी कानुनलाई पनि नछोडेको उनको विचार थियो ।

तसर्थ, वासिङटनले एकातिर हर्मुज नाकामा युद्ध गर्ने र अर्कोतिर शान्तिपूर्ण कालको जस्तो पारवहन नियमको माग गर्न मिल्दैन । यो दोहोरो चरित्र हो ।

**अमेरिकाले के गर्न मिल्दैन ?**

ट्रम्पको 'ठोक र मार' आदेश इरानका तथाकथित माइन बिछ्याउने डुङ्गाहरूतिर लक्षित छ । तर, खाडी क्षेत्रको हकमा माइन युद्धमा नै अमेरिकी जलसेना सबैभन्दा कमजोर रहेको स्थिति छ ।

सन् २०२५ मा अमेरिकी जलसेनाले खाडी क्षेत्रमा माइन हटाउने धेरै 'स्वीपर्सहरू' हटाएको थियो । यो काम लिटोरल लडाकु जहाजलाई सुम्पिएको थियो । यसको कमजोर क्षमता देखेर जलसैनिकहरू यसलाई जिस्काउने गर्छन् । त्यसैले यो जहाजसँग इरानी सेनाको नाकैमुनि रहेको हर्मुज जलनाका खोल्ने क्षमता छैन ।

अभाव 'स्वीपर्स' हरूको मात्र होइन । अप्रिल २१ मा अमेरिकी हिन्द-प्रशान्त कमान्डका प्रमुख एडमिरल सामुयल पापारोले सिनेट समितिमा भने, "मसँग पर्याप्त जल-थल जहाज छैन । हामीसँग पर्याप्त थल-ध्वसंक छैन । हामीसँग पर्याप्त पनडुब्बी त छँदै छैन ।"

हाल अमेरिकाका तीन विमानवाहक जलबेडाले इरानलाई तीनतिरबाट घेरिरहेको अवस्था छ - भूमध्यसागर, लालसागर र हिन्द महासागरबाट । 'यूएसएस जर्ज एचडब्लु बुश' अप्रिल २३ मा हिन्द महासागरमा पस्यो । त्यहाँ पहिले नै 'यूएसएस अब्राह्म लिङ्कन' जलबेडा थियो । त्यस्तै, 'यूएसएस जेराल्ड आर फोर्ड' आपत्कालीन मर्मतपछि पुन: लालसागरमा फर्केको छ । यी तीन जलबेडाले इरानलाई समुद्रबाट तर्साउन सक्छन् । तर, इरानी मिसाइल, ब्यालेस्टिक लन्चर र चुस्त आक्रमण गर्न सक्ने डुङ्गाका अगाडि तिनको केही सीप चल्दैन । आफ्नो तटवर्ती क्षेत्रको रक्षाका लागि इरानले दशकौं अगाडिदेखि यो भौतिक पूर्वाधार निर्माण गरेका छन् । यो सुरक्षा घेरा नाघेर अमेरिकी जलबेडाले हर्मुज नाका खुलाउन सक्दैनन् ।

अमेरिकी जलबेडाका अन्य सीमा पनि छन् । वालस्ट्रिट जर्नलको एक अध्ययनअनुसार फेब्रुअरी २८ यता अमेरिकाले खाडी क्षेत्रमा राखेको धेरै हतियार खर्च गरिसकेको छ । त्यसको सट्टाभर्ना गर्नका लागि अमेरिकालाई ६ वर्ष लाग्नेछ ।

विश्वकै सबैभन्दा खर्चिलो जलसेना अहिले माछा मार्ने डुङ्गा आकार जहाजलाई तर्साउनुपर्ने स्थितिमा पुगेको छ । त्यो पनि 'तिनीहरूले माइन बिछ्याए' भन्ने पेन्टागनको झूटो दाबीको आड लिएर ।

**भत्किसकेको छ अमेरिकी व्यवस्था**

हर्मुज निकै ठुलो मोड हो । तर, पहिलो मोड होइन ।

गाजाका जनताप्रति ऐक्यबद्धता जनाउँदै यमनी सेनाले सन् २०२३ मा लालसागरबाट आउजाउ गर्ने जहाजहरूमाथि आक्रमण गर्न थाल्यो । अमेरिकाले हस्तक्षेप गऱ्यो र सन् २०२५ मा युद्धविराम भयो । तैपनि, बाब अल-मन्दाब क्षेत्रबाट हुने ट्याङ्करको आवागमन पहिलेभन्दा न्यून छ । यमनी विदेशमन्त्रीले अप्रिल १३ मा एउटा चेतावनी दिए । अमेरिका र इजरायलले इरानविरुद्ध युद्ध चर्काए भने आफूले पनि सैन्य कारबाही बढाउने उनले बताए । अमेरिकी जलसेनाले तनाब चर्कायो भने आपूर्ति शृङ्खला, ऊर्जाको मूल्य र विश्व अर्थतन्त्रमाथि नै प्रहार हुने यमनको तर्क थियो ।

रुसविरुद्ध नेटोको छद्म युद्धका कारण कालासागर अहिले कोही पनि जान नमिल्ने स्थान बनेको छ । पहिले डेनिस जलनाकामा रुसको पहुँच थियो । त्यसलाई पनि पश्चिमा मुलुकहरूले प्रतिबन्ध लगाएका छन् । सन् १९४५ पछि अमेरिकाको नेतृत्वमा जसले पारवाहन व्यवस्था निर्माण गरेको थियो, त्यही गठबन्धनले (रुसविरुद्ध युद्ध गर्न) अहिले आफैले बनाएका नियमहरू भत्काउँदै छ । फेरि यो युद्धका आफ्नै सीमा पनि छन् ।

**पनामा : जहाँ वित्ततन्त्र क्रियाशील छ**

पनामाको सर्वोच्च अदालतले सन् २०२६ जनवरीमा त्यहाँका दुई नाकामा सिके हचिसनको 'पनामा बन्दरगाह कम्पनी' ले पाएको ठेक्कालाई अवैधानिक घोषणा गऱ्यो । (यो कम्पनीले बालबोआ र क्रिस्टोबल टर्मिनल सञ्चालन गर्दै आएको थियो ।) अमेरिकाले महिनौंसम्म दबाब दिएपछि यो फैसला गरिएको थियो । ट्रम्पले पनामा नहर 'फिर्ता लिने' धम्की दिनुका साथै चीनलाई त्यो नहर नियन्त्रणमा राखेको आरोप लगाएका छन् । यसले गर्दा सिके हचिसनमाथि दबाब बढ्यो । यो कम्पनीको मुख्यालय हङकङमा छ भने यसले नहरमा पस्ने र बाहिरिने दुवै नाका (टर्मिनल) सञ्चालन गर्दै आएको छ ।

सिके हचिसनलाई यसअघि नै आफ्नो टर्मिनल बेच्न दबाब आइसकेको थियो । सन् २०२५ मार्चमा कम्पनीले 'पनामा पोर्ट कम्पनी' कमा रहेको आफ्नो हिस्सेदारी र विश्वभरि रहेका आफ्ना धेरैजसो गैरचिनियाँ बन्दरगाह 'ब्ल्याक-रक' कम्पनीलाई बेच्ने घोषणा गरेको थियो । (यसमा एमएससी कम्पनीको 'टर्मिनल इन्भेस्टमेन्ट लिमिटेड' ले मध्यस्थता गर्ने थियो ।) यो सम्झौतामार्फत पनामाका दुई 'टर्मिनल' अमेरिका पक्षधर वित्त कम्पनी 'ब्ल्याक-रक' लाई हस्तान्तरण गर्ने तय भयो ।

पनामा सरकार र अदालतले पछि यो हस्तान्तरणलाई रोक्का गरिदियो । तर, लडाइँ यत्तिकै टुङ्गिएन । पनामाले मार्स्क र एमएससीलाई अस्थायी सञ्चालनको लाइसेन्स दियो । उता सिके हचिसनले ब्ल्याक-रक-एमएससीसँग बन्दरगाहको लेनदेन प्रक्रिया अघि बढाइरह्यो । परिस्थिति फेरियो । तर, हचिसनलाई पनामा नहरबाट हटाउने दबाब फेरिएन ।

संसारको झन्डै ५-६ प्रतिशत पारवहन व्यापार पनामा नहरबाट हुन्छ । जल-नाकाहरूमा कसको स्वामित्व रहने भनी निर्णय गर्न सक्ने वासिङटनको स्वतन्त्रतालाई नै आजसम्म 'खुला व्यापार' भनिएको अवस्था हो ।

वासिङटनले हर्मुज नाका खुला गर्न सक्दैन । पनामा नहरको हकमा समेत अमेरिका अझै पनि चीनसम्बद्ध कम्पनीको नियन्त्रण खोसेर अमेरिका पक्षधर कम्पनीको हातमा ल्याउन मरिहत्ते गर्दै छ ।

**पुरानो व्यवस्थाको ठाउँ कसले लिँदै छ ?**

चीनका सरकारी कम्पनीहरूले सन् २०००-२०२५ बिच विश्वका ९० देशका ३६३ बन्दरगाहमा २४ अर्ब डलर लगानी गरे । यो सन् २०२६ मार्चको तथ्याङ्क हो । 'एड्करिङ ग्लोबल एम्बिसन' रिपोर्टमा यो तथ्याङ्क पढ्न पाइन्छ । एक रिपोर्ट (UNCTAD) अनुसार चीनका व्यवसायिक जहाजहरूको सङ्ख्या सन् २०२५ मा १० हजार ४४० थियो । यी जहाजहरू प्रत्यक्ष-परोक्ष चिनियाँ हितसँग जोडिएका थिए । अमेरिकी व्यापारिक जहाजको सङ्ख्या १ हजार ७०२ छ । अमेरिकाले आफ्नो जहाजी लगानीको आधा रकम क्रुज जहाजमा लगाएको छ । (त्यो भनेको १११ अर्बमध्ये ६० अर्ब डलर क्रुज जहाजमा लगानी गरिएको छ ।) तीमध्ये अधिकांश जहाज पनामा, बहामास र लाइबेरियामा छन् । किन ? अमेरिकी कर प्रणाली र श्रम कानुन छल्न ।

अमेरिकी जहाजी बेडाको व्यवसाय खुम्चिँदै छ । अमेरिकी शासकहरूले यो उद्योगलाई यत्तिकै मर्न छोडेका छन् । अमेरिकी झन्डावाहक कार्गो जहाजको निर्माण गर्दा र त्यसको जनशक्ति निर्माण गर्दा धेरै नाफा आउँदैन । यो अमेरिकी वित्तपतिहरूको ठहर हो । जहाजको क्षेत्रमा पनि अमेरिकी वित्तपतिहरूले त्यही काम गरे जून उनीहरूले आवास र औषधि कारोबारमा गरेका थिए । अर्थात् - नाफा सोहोर्ने, लागत घटाउने र उत्पादनबाट बाहिरिने । यही ढाँचा अनुसार ब्ल्याक-रकले पनामाका दुई नाका खरिद गर्न खोजेको हो । यही ढाँचाअनुसार उसले अमेरिकी जहाज उद्योगलाई खोक्रो पारेको हो । अमेरिकी पुँजीवादले आफ्नो उत्पादन क्षेत्रलाई खोक्रो बनाउँछ र अन्य देशले निर्माण गरेको पूर्वाधार किनेर नियन्त्रण जमाउन आफ्नो वित्त व्यवस्थालाई पठाउँछ ।

चीनको ढाँचा भने फरक छ । दशकौं लगाएर विश्वका ९० देशमा बन्दरगाह निर्माण गर्नु चानचुने काम होइन । निजी पुँजीले यो काम गर्न सक्दैन, किनभने उसलाई तात्तातो नाफा चाहिन्छ । चीनले जे गऱ्यो, त्यसका लागि तात्तातो नाफाभन्दा पर गएर योजना बनाउने सरकारी कम्पनीहरू, बलियो राष्ट्रिय बैङ्क र राज्यको स्पष्ट निर्देशन चाहिन्छ ।

यो क्षमता चीनमा यत्तिकै आएको होइन; क्रान्तिबाट आएको हो । सन् १९४९ को चिनियाँ क्रान्तिले साम्राज्यवाद, स्वदेशी जमिनदार वर्ग र चिनियाँ पुँजीवादको जरा उखेल्यो । तिनको स्थानमा एउटा मजदुर राज्यको स्थापना भयो । सन् १९७८ मा गरिएको सुधारले केही स्थानमा बजार व्यवस्थाको अभ्यास सुरु भयो । तर, चीनले सरकारी बैङ्कका साथै वित्त, ऊर्जा, भारी उद्योग, यातायातजस्ता क्षेत्रका प्रमुख सरकारी कम्पनीलाई निजीकरण गरेनन् । भूमिमाथिको राज्यको स्वामित्वलाई पनि चीनले यथावत राख्यो । यसकारण, चीनले बन्दरगाह, रेल तथा जहाजको क्षेत्रमा अरबौं डलर लगानी गर्न सकेको हो । जब कि अमेरिकी पुँजीवादले यस्तो रकम सेयर किन्न, कम्पनी गाभ्न र वित्ततन्त्र हडप्नमा लगाउँछ ।

चीन र अमेरिकाका यी दुई व्यवस्था एकदम विपरीत वर्गीय सिद्धान्तमा आधारित छन् ।

इरानको तेलको पैठारी रोकिएको छैन । यो पैठारी एउटा नाकाबाट मात्र हुँदैन । केही तेल जमिनको बाटो हुँदै हर्मुजको पूर्वी भेगसम्म जान्छ । त्यहाँ एउटा टर्मिनल छ, जसबाट दैनिक साढे ३ लाख ब्यारल तेल बाहिरिन्छ । अरू कार्गो छाया जहाज विधिबाट बाहिरिन्छ । त्यो भनेको कार्गोहरू एउटा जहाजबाट अर्को जहाज हुँदै, जहाजमा नयाँ-नयाँ लेबल लगाउँदै र मध्यस्थकर्ताहरूको सहयोगमा अघि बढ्छन् । यसले गर्दा तेल बोकेका जहाजलाई कब्जामा लिन वा तिनको बाटो पहिल्याउन मुस्किल पर्छ । फेरि चिनियाँ खरिदकर्ताहरूले वासिङटनको नीतिभन्दा बाहिर गएर युआनमा व्यापार गर्छन् । यसरी इरानी तेलको कारोबारले डलरको बाटो छल्न पुग्छ ।

पश्चिमा विश्लेषकहरूले सन् २०२२ तिर यो प्रणालीलाई आर्थिक प्रतिबन्ध छल्ने अस्थायी उपाय भनेका थिए । आज यो उपाय स्थायी पूर्वाधारमा फेरिएको छ ।

पुरानो प्रणाली (अमेरिकी व्यवस्था) लाई वासिङटनले ब्रह्मास्त्रको रूपमा प्रयोग गऱ्यो । त्यसैले इरान, चीन र ( अमेरिकाबाट प्रतिबन्धित) आफ्नै तेलमार्ग, जहाजी पैठारीको विधि र भुक्तानी मार्ग निर्माण गरे । अमेरिकाले नियन्त्रण गर्ने समुद्री मार्ग, डलर भुक्तानी, बीमा व्यवस्था र आर्थिक प्रतिबन्धलाई छल्ने गरी ती देशले अलग्गै उपाय खोजे । वासिङटनले यसलाई 'अस्थिरता' भन्छ । तर, उसले कुन देशले व्यापार गर्ने, जहाज कुन बाटो चल्ने र व्यापारको भुक्तानी कसरी गर्ने भनी तय गर्ने शक्ति गुमाउँदै छ ।

यहाँनिर खतरनाक बिन्दु पनि छ । वासिङटन पुरानो व्यवस्थालाई बलप्रयोगमार्फत जोगाउन चाहन्छ । यसको लागि उसले हर्मुज जल-नाका, लालसागर र कालासागरमा ऊ बल प्रयोग गर्ने ताकमा छ ।

उसको यस्तो हर्कतका कारण अरूले मूल्य चुकाउँछन् । दैनिक जीवन चलाउनका लागि चाहिने तेल, कृषि मल, हिलियम र आल्मुनियमजस्ता पदार्थको मूल्य बढ्छ । अन्तर्राष्ट्रिय ऊर्जा एजेन्सीका फातिह बिरोलले वर्तमान समस्यालाई इतिहासकै सबैभन्दा ठुलो ऊर्जा सङ्कट भनेका छन् । एसियाली विकास बैङ्कले यो सङ्कटका कारण एसियाभरि नै उत्पादन, रोजगारी र जीवनस्तर खस्किने चेतावनी दिएको छ ।

अमेरिकाको जलसैन्य शक्ति र डलर प्रभुत्वले सधैं मिलेर काम गरेका छन् । जलसेनाले समुद्री मार्गहरूको निगरानी गर्छ भने डलर प्रभुत्वले भुक्तानी, बीमा, ऋण तथा प्रतिबन्धमा नियन्त्रण जमाउँछ । हाल अमेरिकाका यी दुवै अस्त्रलाई एकैचोटि चुनौती दिइएको छ ।

ट्रम्पको 'ठोक र मार' आदेश र पनामाका बन्दरगाहको लडाइँ एउटै सङ्कटका उपज हुन् । वासिङटनको एउटा खराब बानी छ । ऊ आदेश दिन र अन्य देशका जहाज, बैङ्क र सरकारहरूलाई आफूले भने जस्तो बनाउन अभ्यस्त छ । यसैकारण, अहिले ऊ हर्मुजमा इरानलाई धम्क्याउन र पनामामा बलात बन्दरगाह लुट्न अघि सरेको छ । आफूले भने जस्तो नगर्ने वा आफ्नो तखतमा नआउने देखेपछि ऊ इरान र पनामालाई 'ठोक्छु, मार्छु र ध्वस्त पार्छु' भन्दै छ ।

***(स्रोत : एमआर अनलाइन । सम्यक)***





रुसी महासङ्घको राजधानी मस्कोको रेड स्क्वायरमा सोभियतकालीन लालसेनाको पोशक र झण्डासहित विजय दिवस (मे-९) को दिन परेड प्रदर्शन गर्दै रुसी सेना मे ९, २०२६ का दिन । दोस्रो विश्वयुद्धका क्रममा नाजी जर्मनीमाथि तत्कालीन सोभियत लालसेनाले विजय प्राप्त गरेको दिनको सम्झनामा रुस र पूर्व सोभियत गणतन्त्रहरूले हरेक वर्ष विजय दिवस मनाउँदै आएका छन् । *तस्बिर : एपी*

# विश्व तापक्रम वृद्धि तीव्र बन्दै, समुद्री सतह लगातार बढ्दै

पेरिस, २६ वैशाख (एएफपी) । युरोपेली सङ्घअन्तर्गतको जलवायु निगरानी निकायले शुक्रबार विश्वका महासागरहरूको सतही तापक्रम हालैका दिनहरूमा अत्यन्त उच्च स्तरको नजिक पुगेको चेतावनी दिएको छ । वैज्ञानिकहरूको भनाइअनुसार अहिलेको अवस्था सन् २०२४ मा देखिएको सबैभन्दा तातो समुद्री तापक्रमको रेकर्डभन्दा थोरै मात्र कम छ र आगामी केही दिन वा हप्ताभित्रै नयाँ कीर्तिमान बन्न सक्ने सम्भावना बलियो बनेको छ ।

युरोपेली मध्यम दूरी मौसम पूर्वानुमान केन्द्रकी जलवायु प्रमुख सामन्था बर्गेसले बताएअनुसार महासँगरको सतह निरन्तर तातिँदै गएको छ र यसले विश्व जलवायु प्रणालीमा ठूलो परिवर्तनको सङ्केत दिइरहेको छ । उहाँले मे महिनामा मात्र पनि समुद्री तापक्रमले नयाँ ऐतिहासिक रेकर्ड तोड्ने सम्भावना उच्च रहेको बताउनुभएको छ ।

युरोपेली सङ्घअन्तर्गतको कोपरनिकस जलवायु परिवर्तन सेवाले अप्रिल महिनामा विश्वभर समुद्री तापक्रम क्रमश: बढ्दै गएको र यो हालसम्म मापन गरिएको दोस्रो सबैभन्दा उच्च स्तरमा पुगेको पुष्टि गरेको छ । विशेषगरी प्रशान्त महासागरदेखि उत्तर अमेरिकासम्म फैलिएको क्षेत्रमा समुद्री तातो लहर अत्यधिक रूपमा बढेको छ, जसले धेरै क्षेत्रमा जलवायु असन्तुलन सिर्जना गरेको छ ।

यसैबिच, विश्व मौसम सङ्गठनले पनि 'एल निनो' अवस्था आगामी मेदेखि जुलाई महिनाभित्र विकसित हुन सक्ने चेतावनी दिएको छ । 'एल निनो' प्रशान्त महासागरको तापक्रम र वायुप्रवाहमा हुने प्राकृतिक परिवर्तन हो, जसले विश्वभर खडेरी, अत्यधिक वर्षा, आँधीबेहरी र अन्य चरम मौसम घटनाहरू बढाउने गर्छ ।

वैज्ञानिकहरूको अध्ययनअनुसार एल निनो मात्र अहिलेको तापक्रम वृद्धिको कारण होइन, तर मानव गतिविधिबाट उत्सर्जित हरितगृह ग्यासका कारण भइरहेको दीर्घकालीन ग्लोबल वार्मिङसँग मिलेर यसले पृथ्वीको तापक्रम अझ तीव्र रूपमा बढाइरहेको छ । यसकै प्रभावस्वरूप पछिल्लो एल निनो अवधिमा सन् २०२३ र २०२४ क्रमश: अहिलेसम्मकै दोस्रो र सबैभन्दा तातो वर्ष बनेका थिए ।

केही मौसम पूर्वानुमानहरूले आगामी एल निनो अझ शक्तिशाली हुन सक्ने अनुमान गरेका छन्, जसलाई तीन दशकअघिको अत्यन्त शक्तिशाली एल निनोसँग तुलना गर्न सकिन्छ । बर्कले अर्थ अनुसन्धान संस्थाका वैज्ञानिक जेक हाउसफादरका अनुसार यदि आगामी एल निनो शक्तिशाली भयो भने सन् २०२७ अहिलेसम्मकै सबैभन्दा तातो वर्ष बन्ने सम्भावना अझ बढ्नेछ ।

सामन्था बर्गेसले स्पष्ट पारेअनुसार अहिले नै यसको शक्ति कति हुनेछ भनेर निश्चित रूपमा अनुमान गर्न कठिन छ, किनभने वसन्त ऋतुमा गरिने पूर्वानुमानहरू प्राय: अनिश्चित हुन्छन् । तर उहाँले जोड दिँदै भन्नुभयो,"यसको प्रभाव भने विश्वव्यापी रूपमा स्पष्ट रूपमा महसुस हुनेछ ।"

उहाँका अनुसार एल निनोको चरम प्रभाव प्राय: यसको शिखर वर्षपछि देखिन्छ, जसले गर्दा आगामी वर्षहरूमा तापक्रम अझ बढ्ने सम्भावना रहन्छ ।

कोपरनिकसले मार्च र अप्रिल महिनामा समुद्री तापक्रम निरन्तर बढ्दै जानुले एल निनोतर्फको सङ्क्रमण सुरु भइसकेको सङ्केत गर्छ । वैज्ञानिकहरूका अनुसार अहिले देखिएको अत्यधिक तापक्रम केवल प्राकृतिक एल निनोका कारण मात्र होइन, तर जीवाश्म इन्धनको अत्यधिक प्रयोगका कारण भइरहेको दीर्घकालीन जलवायु परिवर्तनले पनि प्रमुख भूमिका खेलेको छ ।

अप्रिल महिनामा विश्वको औसत तापक्रम औद्योगिक क्रान्तिभन्दा पहिलेको (सन् १८५० देखि १९००) स्तरभन्दा १.४३ डिग्री सेल्सियस बढी मापन गरिएको थियो । त्यस्तै, आर्कटिक क्षेत्रको समुद्री बरफ पनि लगभग ऐतिहासिक न्यून स्तरको नजिक पुगेको छ, जसले पृथ्वीको जलवायु प्रणालीमा गहिरो असर देखाइरहेको छ ।

# मानवीय सहायता प्रस्तावबारे अमेरिका र क्युवाबिच मतभेद

हवाना, २६ वैशाख (सिन्हवा) । क्युवाले अमेरिकी विदेशमन्त्री मार्को रुबियोले व्यक्त गरेको मानवीय सहायता प्रस्तावसम्बन्धी दाबीलाई अस्वीकार गरेको छ । क्युवाका विदेशमन्त्री ब्रुनो रोड्रिगेजले अमेरिकाले क्युवालाई १० करोड अमेरिकी डलर बराबरको सहायता प्रस्ताव गरेको भन्ने अभिव्यक्ति तथ्यसँग मेल नखाने बताउनुभएको छ ।

हवानाबाट सार्वजनिक गरिएको प्रतिक्रियामा विदेशमन्त्री रोड्रिगेजले सामाजिक सञ्जालमार्फत अमेरिकी भनाइप्रति असहमति जनाउँदै अमेरिकाले आफ्नो नीतिलाई उचित देखाउन यस्ता अभिव्यक्ति दिएको टिप्पणी गर्नुभएको छ । उहाँले अमेरिकाले क्युवामाथि वर्षौँदेखि लागू गर्दै आएको आर्थिक प्रतिबन्धका कारण देशले गम्भीर आर्थिक तथा मानवीय चुनौती सामना गरिरहेको उल्लेख गर्नुभएको छ ।

यसअघि अमेरिकी विदेशमन्त्री मार्को रुबियोले पत्रकारहरूसँग कुरा गर्दै अमेरिकाले क्याथोलिक चर्चसँग सम्बन्धित सहायता संस्थामार्फत क्युवालाई ६० लाख अमेरिकी डलर बराबरको मानवीय सहायता उपलब्ध गराएको दाबी गरेका थिए । साथै, अमेरिकाले थप १० करोड डलर सहायता प्रस्ताव गरे पनि क्युबाली सरकारले त्यसलाई वितरण गर्न अस्वीकार गरेको दाबी उहाँले गर्नुभएको थियो ।

रुबियोको अभिव्यक्तिपछि विदेशमन्त्री रोड्रिगेजले उक्त दाबीबारे प्रश्न उठाउँदै त्यस्तो सहायता वास्तवमै कहाँ र कसरी प्रयोग हुने थियो भन्ने स्पष्ट हुनुपर्ने बताउनुभएको छ । उहाँले अमेरिकाले सहयोगको विषयलाई राजनीतिक दृष्टिकोणसँग जोडेको सङ्केत गर्नुभएको छ ।

क्युवाली पक्षले अमेरिकाको आर्थिक प्रतिबन्धका कारण देशले अर्बौं डलर बराबरको आर्थिक क्षति व्यहोर्नुपरेको जनाएको छ । विदेशमन्त्री रोड्रिगेजका अनुसार अमेरिकी नीतिका कारण क्युवाले खाद्यान्न, इन्धन, औषधि, प्रविधि तथा अन्य अत्यावश्यक सामग्रीको आपूर्तिमा कठिनाइ भोगिरहेको छ । उहाँले यसले सर्वसाधारण नागरिकको दैनिक जीवनमा प्रत्यक्ष असर परेको बताउनुभएको छ ।

क्युबा र अमेरिकाबिच लामो समयदेखि राजनीतिक तथा आर्थिक मतभेद रहँदै आएका छन् । व्यापार प्रतिबन्ध, वित्तीय नियन्त्रण तथा कूटनीतिक असहमतिका कारण दुई देशबिचको सम्बन्ध समय-समयमा तनावपूर्ण बन्ने गरेको छ ।

पछिल्ला वर्षहरूमा क्युवाले आर्थिक संकट, ऊर्जा अभाव तथा बढ्दो मुद्रास्फीतिका चुनौती सामना गरिरहेको छ । यस्तो अवस्थामा सहायता प्रस्तावसम्बन्धी दाबी र त्यसको खण्डनले दुई देशबिचको अविश्वास तथा कूटनीतिक तनावलाई पुन: चर्चामा ल्याएको छ ।

# इरानी जहाजमा अमेरिकी आक्रमण ६ जना घाइते ६ बेपत्ता

तेहरान, २६ वैशाख (सिन्हवा) । ओमानको बन्दरगाह सहर खसाब नजिकै छ वटा इरानी कार्गो र माछा मार्ने जहाजमा अमेरिकी लडाकू जेटहरूले गरेको आक्रमणमा कम्तिमा छ जना घाइते भएको र अन्य छ जना बेपत्ता भएको मेहर समाचार एजेन्सीले शनिबार रिपोर्ट गरेको छ ।

जहाजहरू दक्षिणी होर्मोजगन प्रान्तको बन्दर लेङ्गेह काउन्टीका गाउँलेहरूका थिए, काउन्टी गभर्नर फोड मोरादजादेहलाई उद्धृत गर्दै एजेन्सीले जनाएको छ ।

मोरादजादेहले घाइतेहरूलाई अस्पतालमा भर्ना गरिएको उल्लेख गर्दै आक्रमणको समयमा जहाजमा २० जना रहेको बताउनुभएको छ । इरना समाचार एजेन्सीले होर्मोजगन तटमा एक अघिल्लो रात भएको अमेरिकी आक्रमणमा कम्तिमा एक जना व्यक्तिको मृत्यु भएको र अन्य १० जना घाइते भएको रिपोर्ट गरेको थियो ।

आक्रमणका कारण मालवाहक जहाजमा आगो लागेको र बाँकी चारजना बेपत्ता भएको इरनाले जनाएको छ । होर्मुजको जलक्षेत्र वरपर बिहीबार र शुक्रबार इरान र संयुक्त राज्य अमेरिकाबिच झडपहरू सुरु भएको जनाइएको छ ।

बिहीबार राति, इरानको मुख्य सैन्य कमान्ड, खतम अल-अन्बिया केन्द्रीय मुख्यालयले अमेरिकी सेनाहरूले दुई इरानी जहाजहरूमा आक्रमण गरेको थियो ।

## विश्व सङ्क्षेप

# हर्मुज जलसन्धि क्षेत्रमा अमेरिकी-इरान टकराव तीव्र, सुरक्षा अवस्था झनै संवेदनशील

दुबई, २६ वैशाख (एपी) । संयुक्त राज्य अमेरिकाले हर्मुज जलसन्धि क्षेत्रमा दुई इरानी तेल ट्याङ्करलाई निशाना बनाई 'निष्क्रिय' पारेको जनाएको छ । यस घटनापछि मध्यपूर्वमा तनाव झनै बढेको छ ।

अमेरिकी सेनाका अनुसार शुक्रबार इरानी सेनासँग भएको गोली हानाहानपछि उक्त ट्याङ्करहरूलाई नियन्त्रण बाहिर जान नदिन कारबाही गरिएको हो । अमेरिकी सैन्य कारबाहीले ती जहाजहरूलाई सञ्चालनयोग्य नहुने अवस्थामा पुऱ्याएको बताइएको छ ।

यसैबिच, संयुक्त अरब इमिरेट्सले पनि आफ्नो क्षेत्रमा इरानबाट क्षेप्यास्त्र तथा ड्रोन आक्रमण भएको जानकारी दिएको छ । प्रारम्भिक विवरणअनुसार उक्त आक्रमणमा केही व्यक्ति घाइते भएका छन् ।

अमेरिकी रक्षा निकायले भने होर्मुज जलसन्धि क्षेत्रमा अमेरिकी नौसैनिक जहाजमाथि सम्भावित आक्रमण प्रयास गरिएको र त्यसको जवाफस्वरूप इरानी सैन्य संरचनामा प्रहार गरिएको जनाएको छ ।

यसैबिच, इरानले अमेरिकी कारबाहीलाई युद्धविराम उल्लङ्घन भएको भन्दै कडा विरोध जनाएको छ । इरानी विदेश मन्त्रालयले अमेरिकाले कूटनीतिक समाधानको सट्टा सैन्य विकल्प रोजेको आरोप लगाएको छ ।

होर्मुज जलसन्धि विश्वव्यापी तेल आपूर्तिका लागि अत्यन्त महत्त्वपूर्ण मार्ग मानिन्छ । यस क्षेत्रको अस्थिरताले अन्तर्राष्ट्रिय ऊर्जा बजारमा असर पार्दै आएको छ, जसका कारण तेल मूल्यमा वृद्धि र विश्व बजारमा अनिश्चितता देखिएको छ । हाल दुवै पक्षबिच तनावपूर्ण अवस्था कायम रहेको छ र युद्धविरामलाई कायम राख्ने प्रयासहरू भइरहेका भए पनि स्थिति संवेदनशील रहेको बताइएको छ ।

# कङ्गोको द्वन्द्वग्रस्त क्षेत्रमा नागरिक असुरक्षा बढ्दो

संयुक्त राष्ट्रसङ्घ, २६ वैशाख (सिन्हवा) । संयुक्त राष्ट्रसङ्घका महासचिवका उपप्रवक्ताले मानवीय मामिला समन्वय कार्यालयलाई उद्धृत गर्दै पछिल्ला तीन दिनमा इटुरी र उत्तर किभु क्षेत्रमा कम्तीमा ३४ जना सर्वसाधारणको ज्यान गएको जानकारी दिनुभएको छ ।

इटुरी प्रान्तका इरुमु र माम्बासा क्षेत्रमा मङ्गलबारदेखि बिहीबारसम्म भएका आक्रमणमा कम्तीमा १५ जना नागरिकको मृत्यु भएको बताइएको छ । हिंसापछि धेरै स्थानीयवासी उत्तर किभुका छिमेकी गाउँतर्फ विस्थापित हुन बाध्य भएका छन् । त्यसैगरी, उत्तर किभुको ओइचा क्षेत्रमा सशस्त्र समूहद्वारा गरिएको आक्रमणमा मङ्गलबार र बुधवार गरी कम्तीमा १९ जना नागरिकको ज्यान गएको जनाइएको छ । स्थानीय स्रोतहरूका अनुसार धेरै नागरिक खेतमा काम गरिरहेका बेला आक्रमणमा परेका थिए भने केही व्यक्ति अझै सम्पर्कविहीन रहेका छन् ।

सुनखानीका लागि परिचित माम्बासामा मार्च महिनाको मध्यदेखि यता कम्तीमा १३० जना नागरिक मारिएका छन् भने ५०० भन्दा बढी व्यक्तिलाई अपहरण गरिएको बताइएको छ । हिंसाका कारण ६८ हजारभन्दा बढी मानिस विस्थापित भएका छन् । साथै, बेनी र लुबेरो क्षेत्रमा ३ लाख १० हजारभन्दा बढी नागरिक घर छोड्न बाध्य भएका छन् ।

संयुक्त राष्ट्रसंघले हाल विस्थापित नागरिकहरूको अवस्था तथा आवश्यकताको मूल्याङ्कन भइरहेको जनाएको छ । साथै, द्वन्द्वरत सबै पक्षलाई सर्वसाधारणमाथिका आक्रमण तत्काल रोक्न तथा अन्तर्राष्ट्रिय मानवीय कानुनको पूर्ण पालना गर्न आग्रह गरेको छ ।

# इन्डोनेसियामा ज्वालामुखी विस्फोट, तीन जनाको मृत्यु

इन्डोनेसिया, २६ वैशाख (एएफपी) । इन्डोनेशियाको माउन्ट डुकोनो ज्वालामुखी शुक्रबार विस्फोटमा हुँदा तीनजना पर्वत आरोहीहरूको मृत्यु भएको जनाइएको छ । मृत्यु हुनेहरूमा दुई जना सिङ्गापुरका नागरिक र एक जना स्थानीय रहेको जनाइएको छ ।

उनीहरूको शव 'नो-गो जोन' मा फेला परेको अधिकारीहरूले बताएका छन् ।

हलमहेरा टापुमा भएको उक्त विस्फोटले लगभग १० किलोमिटर वरपरको हावामा खरानी तथा तुवालोको प्रभाव रहेको उहाँले बताउनुभएको छ । विस्फोट हुँदा उक्त स्थानमा बीस जना पर्वतारोहीहरू रहेको उत्तरी हलमहेराका प्रहरी प्रमुख एर्लिक्सन पासारिबुले पत्रकारहरूलाई बताउनुभएको छ । उनीहरूमध्ये नौ जना सिङ्गापुर र बाँकी इन्डोनेसियाका रहेको उल्लेख गर्नुभएको छ ।

स्थानीय उद्धार एजेन्सीका प्रमुख इवान रामदानीका अनुसार विस्फोटको समयमा बेपत्ता भएका शुक्रबारसम्म १७ जना पर्वतारोहीहरूमध्ये सात जना जीवित फेला परेका छन् ।

मृतकहरूको शव अझै पनि घटनास्थलमा रहेको बताइएको छ । जारी विस्फोटका कारण, स्थिति अझै असुरक्षित रहेकाले उद्धार टोलीले अझै पनि खोजी कार्य सुरु गर्न सही समयको प्रतिक्षामा रहेको उहाँले बताउनुभएको छ ।

विस्फोटका कारण केही पर्वतारोहीलाई चोट लागेकाले उपचारका लागि अस्पताल लगिएको जनाइएको छ । यसअघि सन् २०२४ डिसेम्बर देखि सेन्टर फर भोल्कानोलोजी एन्ड जियोलोजिकल हजार्ड मिटिगेसन (पिभिएमबिजी) ले वैज्ञानिकहरूले भूकम्पीय गतिविधिमा वृद्धि भएको भन्दै पर्यटक तथा पर्वतारोहीहरूलाई ज्वालामुखीको मालुपाङ वारिराङ क्र्याटरको चार किलोमिटर वरपर नजाउन चेतावनी दिएको थियो ।

सरकारी भूविज्ञान विभागका प्रमुख लाना सारियाले शुक्रबारको विस्फोट पछि चर्को आवाज र माउन्ट डुकोनोको शिखरबाट १० किलोमिटर माथि उठेको खरानी र बाक्लो धुवाँ रहेको बताउनुभएको छ ।

# अमृत जयन्तीका उद्गार-नेपाली शिक्षा परिषद्को !

**● तेजेश्वर ग्वंग**

अपराह्न ३ बजे । तिरिङ मिरिङ - तिरिङ मिरिङ । दूरभाष संयन्त्र ध्वनित हुन्छ...! श्रवणेन्द्रीयमा । नमस्कार ! रमा शर्मा बोल्दै छु !

स्वरैले चिनिहालेँ । नेपाली शिक्षा परिषद्का अजय-अथक स्वरगुञ्जन । आकलझुकल किरण थापाका स्वर सुन्ने मुहूर्त पाउँछु ! अतीतलाई झल्काई !

९१ वर्षे जीवन-यौवन आनन्दमय अनुरागका अनुभूति श्रध्दा-सुमन पुष्पाञ्जली ! तन्नेरी उत्साहका सारेगम-पधनिसा । हजुरहरू सबै परिवारप्रति समर्पण प्रणाम ! सौभाग्यको मुहूर्त ठाने-माने । अन्तर चेतदेखि !

ग्रहणशील चेतनापुञ्ज मान्यवर - मित्रवरको । उदार चरित्रानामतु वसुधैव कुटुम्बकम् ! भन्न मनपराएँ ! स्वीकार्य नहुँदो छैन बरि । हुने शङ्कै छैन कुनै । जय मङ्गल मूर्त्यै नमः। सूर्यविनायक गणेश मन्दिरको पाद पथमा निष्ठापूर्वक बासस्थान बनाएको - निष्ठाछैँ-निष्ठाका घरमा आश्रय पाएछु !

नेपाली शिक्षा परिषद् नामले स्वनाम धन्य । नेपाली वाङ्मयकै माध्यमबाट प्रवेशिका परीक्षा उत्तीर्ण गर्ने अवसर जुराउने मूल उद्देश्यले स्थापित ! "असीम गुरुका असीमित अनुकम्पा वाङ्मय नेपाली राष्ट्रभाषाप्रतिको सीमाहीन क्षितिज । जति नै उडान भरेनि नपुगिने- नभरिने महिमा ! गान यात्रा ! उत्सर्ग अनन्त यात्राहरूका ! मानिस बनेर मानिस हुनुको उत्सर्गमय उत्कर्ष ! याचनामय उत्कर्षवान उत्सर्ग गान मधुरिमा बारम्बार प्रणाम ! गाई रहुँ लाग्छ, उत्कर्षमूलक नेपाली भाषा अनुराग गान ।

नेपाली भाषाले नेपालको वाङ्मय बोली विश्वभर भर्दै छ फड्को ! अबेर हुँदो हो हुँदैन अँधेर । रीत यस्तै छ ! संसारकै परस्परा निरन्तर महान् ! त्याग, बलिदान, समर्पण यिनै हुन् महान् कुर्वान आस्थामय बलिदान ! तपस्या जीवनको निःस्वार्थ महान् ! नेपाली शिक्षा परिषद्को आँगन व्यापक धाम ! धाम घाम - घाम धाम । घामको धाम जीवनकै चहक पूर्ण शान ! जान नजान- होइन यो एकल अनुमान ! साश्वत सत्य-नित्य-परमधाम !

अमृत अवसर यो - त्यो सदावहार । सबका लागि विश्वभरि सतचित निराकारमय वसन्ततिलका छन्दोहार ! पुर्खाले वार्षिक छन्दोहारभित्र त्यसै समाहित गरेनथे होलान् वसन्ततिलका वार्णिक छन्द...!

यसले मधुर सङ्गीतमय ध्वनि गुञ्जाउँछ श्रवणेन्द्रियभरि ! गुरूदेव महाकवि देवकोटाले तरङ्ग्याउनु भएथ्यो-नशानदीका तरन-तरङ्गः मन्दिर आफू अपार ! लाग्न थाल्छ, नेपाली-शिक्षा परिषद् - मन्दिर-आफै अपार । अपारको अर्थ अपारै लाग्छ । पार गर्न सकिने असीम । त्यसैले गोपाल 'असीम' रहे-नेपाली शिक्षा परिषद् माध्यम !

'अमृत अवसर' २०८३ वैशाख २७ आदित्यबार । आदित्य रवि । रवि सूर्य । सूर्य दिवाकर । दिवाकर दिनकर । दिनकर जसले अन्धकारलाई जलाई जग उजिल्याउँछ । भोरकालको शितोष्ण प्रहरको कुइरो लाग्छ, रातकालीन अन्धकार जलेर अवरोधका चिनेरी ! हाय राम ! हरे कृष्ण ! गीता गेय । अन्तर मनका सत्चित + आनन्द सत्चिदानन्द ! अमृत अवसर - नेपाली वाङ्मय साधना केन्द्र शिक्षा परिषद्, सोऱ्हखुट्टे धाम । जीवनकै परमधाम !

६० वर्षगाँठलाई हीरक जयन्ती मान्ने प्रचलन सबै समाजका । ७५ वर्ष अमृत वर्ष स्वसिद्ध महोत्सव प्रमाणित संस्कृतिका पाटो बनेको निर्विवाद सत्य ! अमृत वर्षको मुहूर्तमा अमर अस्तित्वका अन्तर दीप झलमल बाली मान्यवर-मित्रवर- महानुभाव बन्धु-बान्धव ! आराध्य प्रणाम !!! जयतु संस्कृति ! जयतु रमायणम् !

# हिमाल आरोहणप्रति बढ्दो विदेशीको मोह

**✍ अच्युत रेग्मी**

काठमाडौँ । वसन्त ऋतु हिमाल आरोहणको मौसम अर्थात स्वदेशी तथा विदेशी आरोहीहरूका लागि हिमाल आरोहण गर्ने समय । कतिपय नयाँ आरोहीहरू आरोहणका लागि तयारी गर्दैछन् भने कोही विगतमा आफूले राखेका वा अन्य आरोहीका रेकर्डहरू तोड्दै नयाँ कीर्तिमानहरू राख्न आतुर देखिन्छन् ।

नेपाल पर्यटन बोर्डले छ हजार ५०० मिटरभन्दा उचाइका हिमाल आरोहणलाई अनुमति दिँदै आएको छ भने नेपाल पर्वतारोहण सङ्घ (एनएमए) ले भने पाँच हजार ८०० देखि छ हजार ५०० उचाइका २७ हिमाललाई आरोहण अनुमति दिँदै आएको छ ।

यसपटक सेभेन समिट ट्रेक्सबाट मात्र ८५ जनाले सगरमाथा आरोहण गर्दैछन् । सगरमाथा आरोहणका लागि ४६४ जनाले अनुमति लिएकोमा सेभेन समिटबाट मात्र ८५ जना रहेको यसका सञ्चालक मिङ्मा शेर्पा बताउनुहुन्छ । सेभेन समिटले लामो समयदेखि विभिन्न देशका आरोहीलाई सगरमाथा आरोहण गराउँदै आएको छ । यसबाहेक इलाइट एक्सिपिडिसन, ट्याग नेपाल, इम्याजिङ नेपाल एक्सिपिडिसन, हिमालयन गाइड एक्सिपिडिसन, आठ के एक्सिपिडिसनलगायतले विदेशी आरोहीलाई सगरमाथा आरोहण गराउँदै आएका छन् ।

प्राकृतिक सम्पदाले धनी देश नेपालमा विश्वको सर्वोच्च शिखर सगरमाथा रहेको छ । विश्वमा आठ हजार मिटरभन्दा अग्ला १४ हिमाल रहेकोमा नेपालमा मात्र आठ वटा पर्दछन् । हिमालैहिमालको देश नेपालमा हिमाल चढ्नकै लागि पनि बर्सेनि हजारौँ आरोही आउने गरेका छन् । यस वर्षको वसन्त ऋतुमा हिमाल आरोहण गर्न एक हजार ७२ आरोहीले अनुमति लिएका छन् ।

पर्यटन विभागका अनुसार वसन्त ऋतुमा विभिन्न हिमाल आरोहणका लागि सन् २०२६ को मार्च १ देखि शुक्रबारसम्म ७९ देशका एक हजार ७२ आरोहीले अनुमति लिएका हुन् । अनुमति लिनेमा ८११ पुरुष र २६१ महिला रहेका छन् । हिमाल आरोहण अनुमति लिने सङ्ख्या अझै थपिनसक्ने विभागले जनाएको छ । गत वर्ष वसन्त ऋतुमा हिमाल आरोहणका लागि एक हजार १४० जना आरोहीले आरोहण अनुमति लिएका थिए । उक्त आरोहण अनुमति दिएवापत नेपालले रु. ७९ करोड ४७ लाख रूपैयाँ राजस्व सङ्कलन गरेको थियो । यस्तै सन् २०२४ मा ९९१ जनाले हिमाल आरोहण अनुमति लिएका थिए ।

नेपाल पर्वतारोहण सङ्घ (एनएमए)का महासचिव राजेन्द्र लामा कोरोना महामारीपछि नेपालको हिमाल आरोहणका लागि विदेशी आरोहीको आकर्षण बढेको बताउनुहुन्छ । एनएमएले अनुमति प्रदान गर्ने पाँच हजार ८०० देखि छ हजार ५०० उचाइका २७ हिमाल आरोहणका लागि पनि विदेशी आरोहीको हुटहुटी बढेको उहाँको भनाइ छ । महासचिव लामाका अनुसार सङ्घले सन् २०२४ को जुलाईदेखि २०२५ को जुलाईसम्म दुई हजार २०४ परमिट जारी गरेको छ । जसबाट एनएमएले रु. १६ करोड हाराहारीमा राजस्व सङ्कलन गरेको छ । यस्तै, सन् २०२५ को जुलाईदेखि हालसम्म दुई हजार २५ जनालाई परमिट जारी गरेको छ । उक्त परमिट जारी गरेबापत एनएमएले रु. २० करोडभन्दा बढी राजस्व सङ्कलन गरेको छ

यस वर्ष वसन्त ऋतुका लागि सर्वाधिक अनुमति सर्वोच्च शिखर सगरमाथाका लागि आएको छ । सगरमाथा आरोहणका लागि मात्र हालसम्म ५५ देशका ४६४ आरोहीले अनुमति लिएको पर्यटन विभागका निर्देशक निशा थापा राउतले जानकारी दिनुभयो । सगरमाथा आरोहणका लागि अनुमति लिनेमा ३६४ पुरुष र १०० महिला रहेका छन् ।

विभिन्न हिमाल आरोहणका लागि अनुमति लिनेमा सबैभन्दा बढी चिनीयाँ आरोही रहेका छन् । चीनबाट मात्र १३९ जना आरोहीले आरोहण अनुमति लिएको निर्देशक राउतले बताउनुभयो । यसबाहेक, अमेरिकाबाट १३२, भारतबाट पाँच, बेलायतबाट ७२, जर्मनीबाट ६९, रुसबाट छ, क्यानडाबाट ३९, जापानबाट ३५, फ्रान्सबाट २६, अष्ट्रेलिया २४ र युक्रेनबाट २३ जनाले अनुमति लिएका छन् । यस्तै पोल्याण्डबाट ३१, नेपालबाट १७, अर्जेन्टिनाबाट १३, आयरल्याण्डबाट १४, चेक रिपब्लिकबाट १७, इक्वेडरबाट १०, ब्राजिलबाट नौ जनाले आरोहण अनुमति लिएको विभागले जनाएको छ ।

सरकारले सर्वोच्च शिखर सगरमाथासहितका विभिन्न २९ हिमाल तथा चुली आरोहणका लागि अनुमति दिएको हो । विभागका निर्देशक राउतका अनुसार सगरमाथाका लागि ४६४, ल्होत्से १११, आमदब्लम १०४, अन्नपूर्ण चार १३, धौलागिरी ३०, सरीबुङ १८, अन्नपूर्ण १ का लागि २७, थोराङ पिक १४, मकालु ७२, नप्तसे ५२, हिमलुङ हिमाल ४६, कञ्चनजङ्घा ३६, बरुण १२ जनाले अनमुति लिएका छन् ।

पछिल्लो समय पश्चिम एसियामा जारी द्वन्द्वका कारण नेपालको पर्यटन क्षेत्रमा प्रभाव परेको भए पनि हिमाल आरोहणका लागि भने उत्साहजनक सहभागिता देखिएको छ । यस वर्षको हिमाल आरोहणका लागि अनुमति लिएका आरोहीबाट विभागले रु. एक अर्ब १७ करोड ५५ लाख नौ हजार २५९ राजस्व सङ्कलन गरेको छ । विभागले सबैभन्दा धेरै सगरमाथाबाट रु. एक अर्ब एक करोड २८ लाख २३ हजार ९२५ राजस्व सङ्कलन गरेको छ ।

यस्तै ल्होत्सेबाट रु. चार करोड ९७ लाख ७१ हजार ६५०, मकालुबाट रु. तीन करोड १७ लाख ८५ हजार ८००, अमादब्लमबाट रु. एक करोड ५५ लाख ४५ हजार ५५०, धौलागिरी-१ बाट रु. एक करोड ३४ लाख ५४ हजार ५५०, अन्नपूर्ण-१ बाट रु. एक करोड २० लाख ४९ हजार १७५, कञ्चनजङ्घाबाट रु. एक करोड ६० लाख ८१ हजार ६५० राजस्व सङ्कलन भएको छ ।

विभिन्न हिमाल आरोहणका लागि आरोहीहरू गन्तव्यतर्फ लाग्ने क्रम सुरु भएको छ । कतिपय आरोही भने हाल सगरमाथा आधार शिविरमा पुगिसकेका छन् । सगरमाथा आरोहणका लागि अहिले डोरी टाँग्ने काम भइरहेको छ । सगरमाथा आरोहणलाई सहज बनाउनका लागि अहिले सगरमाथा प्रदूषण नियन्त्रण समितिले बेस क्याम्पबाट आइसफल हुँदै क्याम्प दुईसम्म डोरी टाँग्ने काम गरिरहेको छ । समितिका प्रमुख कार्यकारी अधिकृत छिरिङ शेर्पा सगरमाथा बेस क्याम्पबाट आइसफल हुँदै क्याम्प दुईसम्मको बाटो बनाउने काम सम्पन्न भइसकेको बताउनुहुन्छ ।

यस्तै क्याम्प दुईदेखि सगरमाथा चुचुरोसम्म डोरी टाँग्ने काम भने पर्वतारोहण सञ्चालक सङ्घ नेपालले गर्दै आएको छ । सङ्घ नेपालका अध्यक्ष डम्बर पराजुली अहिले क्याम्प-३ सम्म डोरी टाँग्ने काम सम्पन्न भइसकेको बताउनुहुन्छ । "मौसमका कारण क्याम्प तीनदेखि सगरमाथा चुचुरोसम्म डोरी टाँग्नका लागि समस्या भइरहेको छ", अध्यक्ष पराजुली भन्नुहुन्छ ।

अध्यक्ष पराजुली मौसम राम्रो भएमा अबको चार/पाँच दिनमा सगरमाथा चुचुरोसम्म डोरी टाँग्ने काम सकिने बताउनुहुन्छ । मौसमका कारण गत वर्षको तुलनामा यस वर्ष सगरमाथा आरोहणका लागि बाटो बनाउने र डोरी टाँग्ने काम केही ढिला भएको उहाँको भनाइ छ । अझै क्याम्प-४ हुँदै सगरमाथा चुचुरोसम्म डोरी टाँग्ने काम बाँकी नै रहेको अध्यक्ष पराजुली बताउनुहुन्छ ।

हिमाल आरोहणका लागि आएका आरोही र पदयात्रीको स्वास्थ्य जाँचका लागि हिमालयन उद्धार सङ्घले सगरमाथा आधार शिविर र फेरिचेमा चिकित्सकको टोली खटाइसकेको छ । हिमालय उद्धार सङ्घका प्रमुख कार्यकारी अधिकृत गोविन्द बस्याल हिमाल आरोहण गर्न जाने आरोही र तीनका सहयोगीको स्वास्थ्यजाँचका लागि तालिमप्राप्त चिकित्सक तथा स्वास्थ्यकर्मीको टोली सगरमाथा क्षेत्रमा परिचालन गरिसकेको बताउनुहुन्छ ।

आरोहीको स्वास्थ्य जाँचका लागि सगरमाथा आधार शिविरमा अष्ट्रेलियाली चिकित्सक सामन्था एलिसन विल्स, नेपाली चिकित्सक पिन्स सिंह र सहयोगीका रूपमा लाक्पा नोर्बु शेर्पा खटिनुभएको छ । यस्तै फेरिचे स्वास्थ्यचौकीमा अष्ट्रेलियाली चिकित्सक रेबेका एलेन कारपेन्टर, अमेरिकाका डा. केटलिन ब्रुक हार्पर, नेपाली चिकित्सक आकृति सिंह र सहयोगीका रूपमा आङ दावा शेर्पा र थानेश्वर भण्डारी खटिनुभएको सिइओ बस्याल बताउनुहुन्छ ।

विश्वको सर्वोच्च शिखर सगरमाथाको सफल आरोहण २०० जेठ १६ (सन् १९५३ मे २९ देखि सुरु भएको हो । सगरमाथाको पहिलो आरोही न्युजिल्याण्डका सर एडमन्ड हिलारी र नेपालका तेन्जिङ नोर्गे शेर्पा हुनुहुन्छ । उहाँहरूले पहिलोपटक सगरमाथाको चुचुरोमा पाइला टेकेको दिनलाई सगरमाथा दिवसका रूपमा मनाइँदै आइएको छ । ***(रासस)***

# सच्याउनुपर्ने ख्वपको अङ्ग्रेजी लेखन

**● पुष्पराम मुनंकर्मी**

देवनागरी लिपिमा हाल प्रयोग हुने अक्षरहरू प्रायः अन्य भाषाको पनि जननी भाषा संस्कृत भाषाबाट प्रतिप्रादित छन् । यसभन्दा पनि अझ एक पाइला गहिराइमा हेर्ने हो भने पूर्वीय दर्शन (हिन्दु धर्म) अनुसार मानिसको शरीरमा मुख्य ७ वटा चक्रलाई स्थापित गरिएका छन् । उक्त ७ वटा चक्रमध्ये पहिलो चक्रमा ४ वटा पात भएको कमलको फूल हुन्छ । एवंक्रमले ७ वटा चक्रमा ५२ वटा कमलको फूलको पात भएको परिकल्पना गरिएका छन् । यी सबै ५२ वटा कमलका पातहरूको नाम स्वर वर्ण अ, आ, इ, ई, उ, ऊ, ऋ, ॠ, ऌ, ॡ, ए, ऐ ओ, औ, अं, अः गरी १६ वटा अक्षर र व्यञ्जन वर्ण कदेखि क्ष, त्र, ज्ञसम्म ३६ गरी जम्मा ५२ वटा अक्षर हुन्छन् । आधुनिकता अनि व्यवहारिकताको नाममा हालका वर्णमालामा यी कति अक्षर हटाइसकेका छन् । त्यसैलाई पालना गर्दै कम्प्युटरको फोन्ट विकास गर्दा कति अक्षर यहाँ टाइप गर्न पनि नमिल्ने भयो ।

भक्तपुर तुलाछेँ टोल निवासी प्रसिद्ध तान्त्रिक तथा नेपालमा पहिलोचोटि त्रिआयामिक चित्रको पादुर्भाव गर्ने चित्रकार काजिमान आचाजुका चेला उसबेला भक्तपुरका बडाहाकिम धुरन्धर तान्त्रिक, जसका चेलाहरू रसियादेखि अमेरिका अनि जर्मन, उत्तर भारतसम्म छरिएका छन् । धनशमशेर जङ्गबहादुरद्वारा लिखित तथा प्रज्ञा प्रतिष्ठानबाट प्रकाशित कुलार्णब रहस्यम् पुस्तकमा यस बारे अझ विस्तृत रुपमा उल्लेख गरेका छन् । यसमा क्ष, त्र र ज्ञ अक्षर सम्बन्धमा अझ बढी चर्चा गरिएको छ ।

विश्वका विभिन्न भाषाहरूका आ-आफ्नो विशेषता हुन्छन् नै । हाल हामीले बोल्ने यो नेपाली भाषामा पनि फ र ङ को संयुक्त उच्चारण छैन । त्यस्तै यो भाषाको जननी लिपि ब्राह्मी लिपिमा हाल हामीले प्रचलन गर्ने कति अक्षर नै छैनन् । त्यस्तै नेपालभाषामा ट, ठ, ड, ढ, ण र त, थ, द, ध, न उच्चारण नै छैन । त्यसैले एक जना लेखकले ट र त नभएको भाषा नै नेपालभाषा भएको लेख लेखेका थिए । त्यसैले नेवार समुदायले खस नेपाली भाषा बोल्दा उच्चारणमा खिस्सी गर्ने यथार्थता यहाँ स्मरण गर्नुपर्छ ।

त्यस्तै अन्य भाषाहरूले आफ्नो भाषाबाट अङ्ग्रेजी लेखन गर्दा आफ्नै शैली हुन्छ । अङ्ग्रेजी भाषामा पनि लेखाइ एउटा हुन्छ भने उच्चारण (फोनेटिक साउन्ड) अर्कै हुन्छ । जस्तै साइकोलोजि शब्द लेखनमा पी अगाडि लेखिन्छ तर उच्चारणमा पी शान्त हुन्छ । त्यस्तै अन्य शब्द जस्तै नाइफ, नो (क्नो होइन) आदि ।

यहाँ फेरि देवनागरी लिपिमा संयुक्त अक्षर लेख्नेबारे हल्का चर्चा गर्छु । क् + अ . क हुन्छ, क् + व . क्व हुन्छ, त्यस्तै क + ओ . को हुन्छ ।

त्यस्तै ख् + अ . ख हुन्छ । अनि ख् + व . ख्व हुन्छ । न कि ख्वो । यहाँ उच्चारण (फोनेटिक साउन्ड) ओ आए तापनि लेखनमा ख्व यानि अ नै लेखिन्छ । यसमा ख् सँग व सन्धि भएर ख्व भएको हुनाले के एच् डब्लु ए लेख्नुपर्ने देखिन्छ न कि के एच् डब्लु ओ । त्यसैले ख्वप शब्दलाई उच्चारणात्मक तरीकाले नलेखीकन स्वर र वर्णको नियम अनुसार अङ्ग्रेजीमा लेख्दा ओ नलेखीकन ए लेख्नु जरुरी छ ।

जसरी हरेक भाषाको आआफ्नै व्याकरण, शैली हुन्छ र त्यसैलाई पालना गर्नुपर्ने हुन्छ । अन्य भाषाको व्याकरण लाद्न मिल्दैन । त्यस्तै अङ्ग्रेजी भाषाका उच्चारण शैली ख्वपमा प्रयोग अथवा लाद्न सुहाउँदैन ।

यहाँ ख्वप शब्दसँग सम्बन्धित नभए पनि ईश्वर शब्द पनि श् + व . श्व बनेको हो । यसमा पनि श् वसँग सन्धि भएको हुनाले अङ्ग्रेजी लेखनमा डब्लु ए लेख्नुपर्ने हुन्छ तर केही मानिसहरू बेलायतीभन्दा पनि अझ उच्च उच्चारण गर्दै लेख्दै डब्लु ओ लेख्न पुग्छन् । ईश्वर, वानेश्वर शब्दहरूमा ।

# जुम्ला रारा-अल्ट्रा म्याराथनको उपाधि धीर बूढालाई

जुम्ला, २६ वैशाख । सातौँ संस्करणको जुम्ला-रारा अल्ट्रा म्याराथन प्रतियोगिताको उपाधि धीर बूढाले प्राप्त गर्नुभएको छ । शनिबार सम्पन्न प्रतियोगितामा जुम्लादेखि मुगुको रारातालसम्म ५४ किलोमिटर दौडमा जुम्लाको कनकासुन्दरी गाउँपालिका-१ का बूढा पहिलो हुनुभयो ।

प्रतियोगितामा त्रिभुवन आर्मी क्लबका होमबहादुर हमाल दोस्रो र गोपाल तामाङ तेस्रो हुनुभएको कर्णाली स्पोटर्स क्लबका अध्यक्ष सरोज शाहीले जानकारी दिनुभयो । महिलातर्फको दौडमा पातारासी गाउँपालिका कल्पना बूढा पहिलो हुनुभयो । साथै सुनसरी रोकाया दोस्रो र सन्ध्या बूढा तेस्रो हुनुभयो ।

पहिलो हुने धावकलाई रु. एक लाख, दोस्रो हुनेलाई रु. ७५ हजार, तेस्रो हुनेलाई रु. ५० हजार, चौथो र पाँचौलाई समान रु. २०-२० हजार पुरस्कारसहित प्रमाणपत्र र मेडल प्रदान गरिने क्लबले जनाएको छ ।

प्रतियोगिताले कर्णालीको प्राकृतिक सौन्दर्य, पर्यटन सम्भावना तथा स्थानीय खेल प्रतिभालाई अन्तर्राष्ट्रियस्तरमा प्रवर्द्धन गर्ने उद्देश्यले प्रत्येक वैशाखमा आयोजना गर्दै आएको अध्यक्ष शाहीले बताउनुभयो ।

त्यसैगरी १० किलोमिटर दौडको पुरूषतर्फ वसन्त बूढा पहिलो, नवीन परियार दोस्रो र राज भण्डारी तेस्रो हुनुभयो । दश किलोमिटर महिलातर्फ सपना बूढा पहिलो, सस्मिता भण्डारी दोस्रो र गौकली रावत तेस्रो हुनुभयो ।

पाँच किलोमिटरको विद्यार्थीतर्फ निर्भु राना पहिलो, नरेश रावत दोस्रो र नमराज महतारा तेस्रो हुनुभयो । साथै पाँच किलोमिटर महिलातर्फ क्रितिना बूढा पहिलो, यमुना बूढा दोस्रो र खुसी बुढाथोकी मगर तेस्रो हुनुभयो ।

प्रतियोगितामा स्वदेश तथा विदेशी गरी ५१ धावकहरूले ५४ किमी दौडमा सहभागिता जनाएका थिए । पाँच र १० किलोमिटरको दौडमा करिब एक हजार एक सय जना खेलाडी सहभागी भएको क्लबले जनाएको छ ।

पाँच र १० किलोमिटरतर्फका विजेता खेलाडीलाई प्रमाणपत्र र पदक प्रदान गरियो भने ५४ किमीको जुम्ला-रारा अल्ट्रा म्याराथन प्रतियोगिताका विजेता धावकलाई आइतबार राराताल परिसरमा आयोजना हुने कार्यक्रममा पुरस्कार प्रदान गरिने क्लबका अध्यक्ष शाहीले जानकारी दिनुभयो ।

# कैलालीमा पार्टी कार्यकर्ता दर्लामी मगरको श्रद्धाञ्जली सभा



कैलाली २६ वैशाख । दिवंगत नेमकिपाका क्रान्तिकारी कार्यकर्ता रामबहादुर दर्लामी मगरको श्रद्धाजली सभा शुक्रबार सम्पन्न भयो ।

कार्यक्रममा नेमकिपाका सचिव प्रेम सुवालले रामबहादुर दर्लामी मगरले नेमकिपाको सिद्धान्त र विचारलाई आत्मसात गर्दै आउनुभएको बताउनुभयो । उहाँले शोकसन्तप्त परिवारप्रति धैर्यधारण गर्ने शक्ति प्रदान होस् भनी दर्लामीप्रति श्रद्धाञ्जली अर्पण गर्नुभयो ।

सभामा नेमकिपाका केन्द्रीय सदस्यहरू नवराज कोइराला, खगेन्द्रबहादुर शाही, रमेशकुमार रावलले पनि मृतकप्रति श्रद्धाञ्जली अर्पण गर्नुभयो । सो कार्यक्रममा कञ्चनपुर जिल्ला समिति संयोजक दलबहादुर बोहरा, मिनु गिरीलगायतको उपस्थिति थियो ।

जानकी गाउँपालिका वडा नं. ४ कञ्चनपुरमा बस्ने रामबहादुर दर्लामी मगरको वैशाख १५ गते मोटरसाइकल दुर्घटनामा मृत्यु भएको थियो ।

# 'विश्व प्रशिद्ध मजदुर आन्दोलन तथा समाजवाद र सान्दर्भिक विषयवस्तु' पुस्तकमाथि छलफल कार्यक्रम सम्पन्न

भैरहवा, २६ वैशाख । नेपाल मजदुर किसान पार्टी रूपन्देहीको आयोजनामा शनिबार १३७ औं अन्तर्राष्ट्रिय श्रमिक दिवसको अवसरमा भैरहवामा नेमकिपाका अध्यक्ष नारायणमान बिजुक्छेँ (रोहित) द्वारा लिखित 'विश्व प्रशिद्ध मजदुर आन्दोलन तथा समाजवाद र सान्दर्भिक विषयवस्तु' पुस्तकमाथि छलफल कार्यक्रम सम्पन्न भयो ।

कार्यक्रममा नेमकिपा रूपन्देहीका अध्यक्ष हरिसुन्दर वासीले ऐतिहासिक मे १ मजदुर आन्दोलनको इतिहासबाट नयाँ पुस्तामा विद्रोही भावना नजागोस् भनेर नै शासक दलहरूले अन्तर्राष्ट्रिय श्रमिक दिवसलाई सामान्य बिदाको दिनजस्तो बनाउन खोजिएको छ भन्नुभयो ।

आर्थिक समानता र योग्यताअनुसार काम, कामअनुसार ज्याला हुने नयाँ राजनीतिक व्यवस्था ल्याउन नयाँ पुस्ताले पनि विश्व प्रसिद्ध मजदुर आन्दोलनको इतिहासबाट सिक्नुपर्नेमा जोड दिँदै अध्यक्ष वासीले व्यापक जनतालाई समाज विकासको नियम र आधारभूत सिद्धान्तबाट सुशिक्षित पार्न सके मात्र समाज परिवर्तनको लागि ठोस योगदान दिन सकिन्छ भन्नुभयो ।

नेमकिपा रूपन्देहीका सचिव हिमलाल पाण्डेले पुँजीवादी व्यवस्थाले कामदार जनताको हित गर्न नसकेकोले नै समाजवादी व्यवस्थाबारे चासो बढेको उल्लेख गर्दै समाजप्रति उत्तरदायी समाजवादी आचारण पालना गर्न जोड दिनुभयो ।

नेक्राविसङ्घका पूर्व केन्द्रीय सदस्य सुग्रिम चाईले मजदुरहरूको रोजीरोटी खोस्ने प्रविधि र मेसिन नभई पुँजीपतिवर्गको शोषणले हो भन्दै मजदुरहरू वर्गीय रूपमा सचेत हुनुपर्ने तथ्य मजदुर आन्दोलनको इतिहासबाट सिक्न सकिन्छ भन्नुभयो ।

कार्यक्रममा कला ज्ञामीले समाजवाद र सान्दर्भिक विषयवस्तु अध्ययनको अनुभव सुनाउनुभयो ।

# नैतिक आचरणले सभ्य समाजको पहिचान गर्छ




भक्तपुर, २६ वैशाख । भक्तपुर नगरपालिका वडा नं.२ का जनप्रतिनिधि, पूर्वजनप्रतिनिधि, विभिन्न समिति, उपसमितिका पदाधिकारी, कर्मचारीहरूको भेटघाट कार्यक्रम शनिबार भयो ।

कार्यक्रममा भक्तपुर नगरपालिकाका प्रमुख सुनिल प्रजापतिले भनपाले जनतालाई अधिक सेवा सुविधा दिने उद्देश्यले जनचाहनाअनुसार काम गर्दै आइरहेको बताउनुभयो ।

उहाँले भन्नुभयो, "जनता खुसी र सुखी, निरोगी र स्वस्थ हुनु आवश्यक छ । नैतिक आचरणले सभ्य समाजको पहिचान गर्छ ।"

नेमकिपाका अग्रजहरूको सङ्घर्षको परिणाम आज भक्तपुर शिक्षा, स्वास्थ्यलगायत विकास निर्माणमा अघि बढेको हो भन्दै प्रमुख प्रजापतिले हिजोको सङ्घर्षबारे नयाँ पुस्तालाई शिक्षित बनाउनु जरूरी छ । खेलकुदलगायत विविध गतिविधि गरेर युवाहरूलाई सही शिक्षा दिनु र सक्रिय बनाउनु जरूरी छ ।"

कार्यक्रममा वडाध्यक्ष हरिप्रसाद बासुकला, पूर्ववडाध्यक्षहरू रवीन्द्र खर्बुजा, आशाकुमार कोजुलगायत गणेशप्रसाद सुवाल, श्यामसुन्दर माताङ र मञ्जु लाखाजुले पनि बोल्नुभएको थियो ।

**राजनीतिक...**

अरू देशहरूले पनि परमाणु बम बनाएका हुन् भन्नुभयो ।

अध्यक्ष बिजुक्छेँले पुँजीवादी व्यवस्थामा सरकार र ऐनकानुनको कुनै स्थिरता नहुने र देशमा सुव्यवस्था नहुने प्रस्ट पार्नुभयो ।

उहाँले उच्च शिक्षा नियोजन गर्ने आजसम्मका सरकारहरूको नीति देश र जनविरोधी छ भन्नुभयो ।

कार्यक्रममा नेमकिपाका केन्द्रीय सदस्य एवं भक्तपुर नगरपालिकाका प्रमुख सुनिल प्रजापतिले कानुन व्यवसायीहरूले कानुनको पालना गर्ने गराउने मात्र नभई जनविरोधी र देशघाती कानुन परिवर्तन गर्न सक्रिय बन्नुपर्छ भन्नुभयो ।

उहाँले कानुन व्यवसायभित्रका विकृति-विसङ्गति र गलत प्रवृत्तिको विरोधमा तथा न्यायालयलाई न्यायको मन्दिर बनाउन सङ्घर्ष गर्नुपर्ने बताउनुभयो ।

अध्यादेशले देश चलाउने सोच प्रजातन्त्रविरोधी र निरङ्कुश सोच भएको उहाँले बताउनुभयो ।

नेमकिपाका अर्का केन्द्रीय सदस्य तथा वाग्मती प्रदेशसभा सांसद सुरेन्द्रराज गोसाईले कानुन व्यवसायीहरू पनि सही राजनीतिक विचार उद्देश्यले प्रेरित र सक्रिय हुन आवश्यक छ भन्नुभयो ।

निर्वाचित निरङ्कुशताको विरुद्ध सङ्घर्ष गर्न कानुन व्यवसायीलगायत बौद्धिक समुदाय सक्रिय हुनुपर्ने अवस्था देशमा देखिएको प्रस्ट पार्नुभयो ।

संरा अमेरिकाको दादागिरीले अन्तर्राष्ट्रिय राजनीति निकै धमिलिएको र विश्व अशान्ति र हाहाकार भएको उहाँले बताउनुभयो ।

कानुन अध्ययन समाज नेपालका केन्द्रीय अध्यक्ष रामप्रसाद प्रजापतिको सभापतित्वमा सम्पन्न कार्यक्रममा अधिवक्ताहरू राजु कैती, कमलराज थापा र निरोज वैद्यलगायतले पनि बोल्नुभएको थियो ।

कार्यक्रममा ई. अनिल पाउँले कानुन व्यवसायमा एआईको बढ्दो प्रभावबारे प्रस्तुतीकरण राख्नुभएको थियो ।

**नेपाल...**

किन्न दिँदैन । यसकारण, प्रचण्डको भारत भ्रमण र सम्झौताहरू नेपाल र नेपाली जनताको विरोधमा छ । हामी नेपाली जनताले विरोध गर्नु आवश्यक छ । भारतीय नागरिकहरूलाई नेपाली नागरिकता दिएर नेपाललाई भारतमा मिलाउन खोज्ने भित्री मनसाय हो । हामी त्यसको विरोधमा छौं ।

*२३ जेठ २०८० (जून ६, २०२३)*

***सम्पादकीय सङ्कलन तेस्रो खण्डबाट***

**सङ्गठन..**

कामदार जनतालाई शिक्षित र सङ्गठित हुन आग्रह गर्नुभयो ।

वर्तमान सरकारले स्वास्थ्य क्षेत्रलाई राष्ट्रियकरण नगरेको जिकिर गर्दै उहाँले सरकारले पुरानै शासक दलहरूको स्वभाव देखाएको बताउनुभयो । उहाँले दुई दिन सरकारी अस्पताल बिदा दिनु निजी स्वास्थ्य संस्थाहरूलाई पोस्नु हो भन्नुभयो ।

नेक्रामसङ्घकी अध्यक्ष अनुराधा थापामगरले अमेरिकी डलर खाएका नयाँ शासकहरूले नेपाली जनताको समस्या कहिल्यै बुझ्न नसक्ने भन्नुभयो ।

सुकुमवासी क्षेत्रमा डोजर आतङ्कबारे चर्चा गर्दै उहाँले भन्नुभयो, "अघाएको मान्छेले भोको मान्छेको पीडा बुझ्दैन ।"

उहाँले साना विद्यार्थीहरूको तातो रगत बगाएर र तातो बहस गरेर बनेको वर्तमान सरकारले अन्त्यमा निराशाबाहेक केही नदिएको बताउनुभयो ।

सरकारले शिक्षा र स्वास्थ्यमा कुनै नयाँ काम नगरेको, जनतामाथि थप विदेशी ऋणको भार बोकाएको र सरकारी उद्योगधन्दा खोल्ने सङ्केत नदेखाएको चर्चा गर्दै उहाँले भन्नुभयो, "समाजवादको विकल्प छैन ।"

नेक्रामसङ्घकी मञ्जु चौधरीले गत निर्वाचनको अनुभव सुनाउँदै भन्नुभयो, "चुनावमा हार्दैमा हाम्रो क्षमता घट्दैन ।"

कार्यक्रममा नेक्रामसङ्घकी सृजना सैँजुले हरिबहादुर श्रेष्ठको पुस्तक 'मार्क्स र एङ्गेल्स' मा आधारित रहेर कार्ल मार्क्सको जीवनीबारे प्रस्तुति राख्नुभएको थियो ।

नेक्रामसङ्घकी गङ्गा वैद्यले मार्क्सलाई मार्क्स बन्नका लागि जेनी मार्क्सले खेलेको भूमिकाबारे प्रकाश पार्नुभएको थियो ।

गायिका सपना शाहीले गीत प्रस्तुत गर्नुभएको कार्यक्रममा सुजी ह्यङ्गोजू, राजन भण्डारी, मनिषा थापा र निशा थापाले कविता प्रस्तुत गर्नुभएको थियो । आस्था सांस्कृतिक परिवारका कलाकारहरूले कार्ल मार्क्सको कविता 'जीवन लक्ष्य' को कलात्मक प्रस्तुति तथा नृत्य प्रस्तुत गरेका थिए ।

राष्ट्रिय आर्थिक गणना, २०८२ सफल पारौं !

"अर्थतन्त्र मापनको लागि आर्थिक गणना"

- आर्थिक गणना किन: देशमा सञ्चालित उद्योग, प्रतिष्ठान तथा व्यवसायको वास्तविक अवस्था पहिचान गरी वस्तुनिष्ठ नीति निर्माणको लागि आधारभूत तथ्याङ्क प्राप्त गर्न,
- गणना अवधि: २०८३ वैशाख २ गतेदेखि असार ७ गतेसम्म,
- कसलाई समेट्ने: सबै उद्योग, व्यापार, व्यवसाय, शैक्षिक एवं स्वास्थ्य संस्था, बैंक तथा सेवाप्रदायक निकायहरू।

तथ्याङ्क ऐन, २०७९ अनुसार विवरण पूर्ण गोप्य रहनेछ।
सत्य-तथ्य विवरण दिऔं, राष्ट्र निर्माणमा योगदान गरौं।

नेपाल सरकार
विज्ञापन बोर्ड

हार्दिक समवेदना



जन्म
१९९३।०१।३०

निधन
२०८३।०१।२१

यस संस्थाको शिक्षा उपसमितिका सदस्य लक्ष्मीहरि ताम्राकारकी ममतामयी माता **बिजुलीमाया ताम्राकार** (सदस्यता नं. ५१०) को असामयिक निधन भएको आज सातौं दिन (न्हेनुमा) को पुण्यतिथिमा दिवङ्गत आत्माप्रति भावपूर्ण श्रद्धाञ्जली अर्पण गर्दै शोकसन्तप्त परिवारजनमा हार्दिक समवेदना व्यक्त गर्दछ ।

**दिगो बचत तथा ऋण सहकारी संस्था लि.**
कमलविनायक, भक्तपुर-१०, फोन नं. ०१-६६१२५७४

हार्दिक समवेदना



जन्म
२०१२ असार ०५

निधन
२०८३ वैशाख २४

हाम्रा आत्मीय मित्र कैलाश प्रजापतिका पूजनीय पिता **कृष्णप्रसाद प्रजापति**को असामयिक निधन भएको आज चौथो दिन (लक्च) को पुण्यतिथिमा दिवङ्गत आत्माप्रति भावपूर्ण श्रद्धाञ्जली अर्पण गर्दै शोकसन्तप्त परिवारजनमा हार्दिक समवेदना व्यक्त गर्दछौं ।

**साथीहरू**

राजाराम प्रजापति | रमेश लवजु | श्याम लाखेमरू
रघुनाथ प्रजापति | राजन लवजु | रामप्रसाद गोरा

प्रकाशक तथा कार्यकारी सम्पादक: उद्धव सुजखु ★ सम्पादक: विष्णुगोपाल कुसी ★ कार्यालय: कमलविनायक, भक्तपुर, फोन नं. ६६१०९२१, फ्याक्स: ६६१३२०७, E-mail: majdurdaily@gmail.com ★ विज्ञापन शाखा: ६६१९१०७/६६२०५५९, E-mail: majdurdailybigyapan@gmail.com ★ मुद्रक: सिद्धिगणेश अफसेट प्रेस, चोर्चा